# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## थुलुङ दुधकोशी गाउँपालिका
## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## थुलुङ दुधकोशी गाउँपालिका
## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## थुलुङ दुधकोशी गाउँपालिका

## सोलुखुम्बु

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ २०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ७४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
थुलुङ दुधकोशी गाउँपालिका, थुलुङ दुधकोशी गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

१. **कैफियत सहितको राय** – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ६५ लाख ७४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ७३ लाख ३६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही र प्रतिक्रियाबाट थप रु.१७ लाख ८५ हजार भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३१ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७१ लाख ४६ हजार र नियमित गर्नुपर्ने रु.७ लाख ३३ हजार समेत रु.१ करोड १० लाख २३ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु.८ करोड ८० लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु.९ करोड ९० लाख ६५ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । यस गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्रीकुमार राई)**
**नायब महालेखापरीक्षक**

# थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८३ | ७७ | २६५७४ | ० | ११ | १७३३६ | १७८५ | ८३ | ६६ | ११०२३ | ३१४४ | ७३३ | ७१४६ | ० | ० | ७८७९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | ८८०४२ | ० | ० | ८८०४२ | ० | ११०२३ | ९९०६५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | २०७९।८० | १५ | पेश्की फस्यौंट भएको प्रमाण पेश | २८४५७६७ |
| २ | २०७९।८० | ३९ | विल भरपाईको प्रमाण पेश | २७४९९९ |
| ३ | २०७९।८० | ४८ | विल भरपाई तथा जिन्सी दाखिलाको प्रमाण पेश | २५०००० |
| ४ | २०७९।८० | ५५ | विल भरपाईको प्रमाण पेश | ५७६००० |
| ५ | २०७९।८० | ६५ | प्रतिवेदनको प्रमाण पेश | ८१६००० |
| ६ | २०७९।८० | ७७ | सक्कल विलको प्रमाण पेश | ३००६५५ |
| ७ | २०७९।८० | ८२ | भरियशन आदेश प्रमाण पेश | २७०००९५.६१ |
| ८ | २०७९।८० | ८३ | नापी किताबको प्रमाण पेश | १२७५३५८ |
| ९ | २०७९।८० | ८४ | नापी किताबको प्रमाण पेश | २३७५५६ |
| १० | २०७९।८० | ८६ | खर्च पुष्टयाईको प्रमाण पेश | २५५९८२६ |
| ११ | २०७९।८० | १०२ | कार्य सम्पन्न प्रमाण पेश | ५५००००० |
| चालु वर्षको जम्मा | | | | १७३३६२५७ |
| गत विगतको जम्मा | | | | ० |
| कुल जम्मा | | | | १७३३६२५७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) थुलुङ दुधकोशी गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाका ९ वडाको क्षेत्रफल १४४.५८५ वर्ग किलोमिटर तथा २२ हजार ३७५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१८ देखि २०८०।०६।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु.४६०५०८३४९, राजश्वतर्फ रु.७८२२५३८९।१८ , धरौटीतर्फ रु.७६७४००८ , अन्य कारोबारतर्फ रु.५२१९९३२८।६७, आय -

व्ययतर्फ रु.१२७९४२६१४ को गरी जम्मा रु.७२६५४९६८८।५८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्रासी भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ६३४८१२८३०.०८ | ५३९८७८६१६.६३ | | ५३९८७८६१६.६३ | ५६२९९३६२७.२ | | ५६२९९३६२७.२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६३४०६७८३०.०८ | ५३८९१३२३७.६३ | ० | ५३८९१३२३७.६३ | ५५२७६५५२९.३ | ० | ५५२७६५५२९.३ |
| ११००० कर | ११ | ९५४३००४० | ७५२९८४८०.९ | ० | ७५२९८४८०.९ | ७०८७८३६०.४१ | ० | ७०८७८३६०.४१ |
| १३००० अनुदान | | ४७२१४२८४९ | ४५७८००३९१.३५ | ० | ४५७८००३९१.३५ | ४३४७५२०२६.६७ | ० | ४३४७५२०२६.६७ |
| संघीय सरकार | १२ | ४५०४१६३४९ | ४३७११५८६६.३५ | ० | ४३७११५८६६.३५ | ४०६४५८७३७.६७ | ० | ४०६४५८७३७.६७ |
| प्रदेश सरकार | १२ | २१७२६५०० | २०६८४५२५ | ० | २०६८४५२५ | २४९८६३६९ | ० | २४९८६३६९ |
| जनसहभागिता | | ० | ० | ० | ० | ३३०६९२० | ० | ३३०६९२० |
| १४००० अन्य राजस्व | | ८५८४९८०.३८ | ५८१४३६५.३८ | ० | ५८१४३६५.३८ | ४७१३५१४२.२२ | ० | ४७१३५१४२.२२ |
| ३२००० वित्तीय सम्पत्ति | | ५७९०९९६०.७ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ७४५००० | ९६५३७९ | | ९६५३७९ | १०२२८०९७.९ | | १०२२८०९७.९ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ७४५००० | ५८७५०२ | ० | ५८७५०२ | ५३७८११७ | ० | ५३७८११७ |
| धरौटी | | ० | ३७७८७७ | ० | ३७७८७७ | ४८४९९८०.९ | ० | ४८४९९८०.९ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६२९८२८४९४.८८ | ५८५५०९७०३.२३ | | ५८५५०९७०३.२३ | ५५५३८९५१३.९६ | | ५५५३८९५१३.९६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६२९०८३४९४.८८ | ५८४६१५०८६.९१ | | ५८४६१५०८६.९१ | ५४९०२९२०५.०६ | | ५४९०२९२०५.०६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४७६४८५१३.१४ | २३८२३५५१६.९८ | ० | २३८२३५५१६.९८ | २०११५३६०१.६१ | ० | २०११५३६०१.६१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३३७९२१६६.८६ | ११६६५९३६४.९६ | ० | ११६६५९३६४.९६ | १४८५९७६४०.८६ | ० | १४८५९७६४०.८६ |
| २६००० अनुदान | १८ | २९५००००० | २५९१०३२३ | ० | २५९१०३२३ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७७७१३४५ | ७३५१५१५ | ० | ७३५१५१५ | ३२०४५९८ | ० | ३२०४५९८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | २८८४७०६५.७ | २८६४६०४९.७ | ० | २८६४६०४९.७ | १६२२२९२६.८ | ० | १६२२२९२६.८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८१५२४४०४.१८ | १६७८१२३१७.२७ | ० | १६७८१२३१७.२७ | १७९८५०४३७.७९ | ० | १७९८५०४३७.७९ |
| घ. अन्य भूक्तानी | | ७४५००० | ८९४६१६.३२ | | ८९४६१६.३२ | ५५५३८९५१३.९६ | | ५५५३८९५१३.९६ |
| कोषहरु | | ७४५००० | ६२२००२ | ० | ६२२००२ | ५३६२४४७ | ० | ५३६२४४७ |
| धरौटी | | ० | ३२३३७७ | ० | ३२३३७७ | ९९७८६१.९ | ० | ९९७८६१.९ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -५०,७६२.६८ | | -५०,७६२.६८ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ४९८४३३५.२ | -४५६३१०८६.६ | | -४५६३१०८६.६ | ७६०४११३.२४ | | ७६०४११३.२४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६२४९०९४१.६ | | ६२४९०९४१.६ | ७२८८६१.९ | | ७२८८६१.९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ४९८४३३५.२ | १६८५९८५५ | | १६८५९८५५ | ८३३२९७५.१४ | | ८३३२९७५.१४ |
| बैंक तथा नगद बाकी | २४ | | १६८५९८५५ | | १६८५९८५५ | १७२९२९७५.१४ | | १७२९२९७५.१४ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०१५७९९६२ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५९००००० र गरीबसँग विश्वेश्वर रु.४६३००० गरी रु.१०७४७९९६२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । यस सम्बन्धमा कार्यालयले सुत्रमा केही कारोबार समावेश नभएको तर CGAS मार्फत भुक्तानी भएको जनाएको छ । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४,७९,८७,९१४.८७ मौज्दात रहेकोमा यो वर्ष रु.५२०४५३२८.९२ जिम्मेवारी सारेको छ । जिम्मेवारी बढी सम्बन्धमा गत विगतमा धरौटी जिम्मेवारी नसरेको र यस आर्थिक वर्षमा जिम्मेवारी सारेका कारण बढी जिम्मेवारी कायम गरिएको छलफलमा जनाएको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४०५८४१४।०३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१०४४५६१२.६८ यस वर्षको प्राप्ति रु.-१३४६२५७४३.०३ यस वर्षको भुक्तानी रु.-१३२७८६७७७.०५ र बैङ्क मौज्दात रु.८६०६६४६.७० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६२४९०९४१.६ | ५३९८७८६१६.६ | ५८५५०९७०३.२ | १६८५९८५५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५२०४५३२८.९२ | ६७४५०४३५९.७ | ७१८२९६४८०.३ | ८२५३२०८.३ |
| **फरक** | **१०४४५६१२.६८** | **-१३४६२५७४३.०३** | **-१३२७८६७७७.०५** | **८६०६६४६.७०** |

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति मिति २०७९।३।२ मा गठन गरेको छ । गठित समितिले रु.५१ करोड ३१ लाखको सिलिङ्ग निर्धारण गरेको भएतापनी पालिकामा रु.५७ करोड ५४ लाखको आय व्यय अनुमान पेश भएको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सविता राईले मिति २०७९।३।१० गते रु.६२,९०,८३,४९४.८८/- बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ५६७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३६२ | ६२ | १२३ | १७७ |
| २ | वडास्तरीय | २०५ | ८ | २४ | १७३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४८२ योजना/कार्यक्रममात्र कार्यान्वयन भई ८५ योजना/कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति

विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५६७ | ८५ | ६ | १४ | २८ |

सैद्धान्तिक बेरुजु

११ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न १० शीर्षक अन्तर्गत वार्षिक रु.१६ करोड ७८ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **संगठन र जनशक्ति व्यवस्थापन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ पद दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित खुल्ने पदहरु रिक्त रहेका विवरण पेश गरेको छैन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

· पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

· विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।

· पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।

· खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

· आन्तरिक नियन्त्रण निर्देशिका २०७८ तयार भएको जानकारी प्राप्त भएतापनी लेखापरीक्षणमा प्राप्त हुन सकेन ।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

· वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

· पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

· संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन ।

· एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा सामान खरिद, स्वास्थ्य , शिक्षा, कृषि जस्ता क्षेत्रमा आफ्नो बजेटको निश्चित हिस्सा अनुदानमा खर्च गर्ने गरेको पाईन्छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **पेश्की व्यवस्थापन**

✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.२,८४५,७६७।- सम्परीक्षण गरिएको ।)

१६ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, १९ वटा नियमावली, २ कार्यविधि लगायत ५८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले विभिन्न कानून निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु सर्वसाधारणको पहुँच हुने गरी वेवसाईटमा अद्यावधिक नगरेकोले अद्यावधिक गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको

क्रममा फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी, यो वर्ष थप र विवाद दर्ता लगायत फछ्यौंट विवरण माग गरिएकोमा पेश हुन सकेन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **चौमासिक पूँजीगत खर्च —** पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र= सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | समानिकरण अनुदान | ८४१८१.२८२४५ | १८२०९.१५० | २४९०९.००० | १५५३१.५६० | २५५३१.५६० | ११६५४.०४० |
| २ | आान्तरीक स्रोत | २५०९१ | २०१५४.९६० | २७९१.५८० | १०७२.४९० | १०७२.४९० | ७२६.८९० |
| ३ | राजश्व वाँडफाड | २९६८ | ०.००० | १६२६.८८० | ६७०.६१० | ६७०.६१० | ८६२.३१० |
| ४ | संघिय सशर्त अनुदान | २७२७५ | ३१.१२५ | ५४७०.७८० | १०८८६.८५० | १०८८६.८५० | १४०७५.५६२ |
| ५ | संघीय समपुरक | ११००० | ०.००० | ०.००० | ११०००.००० | ०.००० | ११०००.००० |
| ६ | प्रदेश समपुरक अनुदान | १०६०० | ०.००० | ०.००० | ०.००० | १०६००.००० | १०६००.००० |
| **जम्मा** | | **१६१११५.२८२** | **३८३९५.२३५** | **३४७९८.२४०** | **३९१६१.५१०** | **४८७६१.५१०** | **४८९१८.८०२** |

उल्लिखित तालिकाका आधारमा खर्चको तुलना गर्दा बजेट अनुसार चौमासिक रुपमा आनुपातिक हिसावले खर्च गर्नुपर्नेमा प्रथम र दोस्रो भन्दा तेस्रो चौथौ त्रैमासिकमा बढि खर्च भएको, झन आषाढमा कुल खर्चको ३० प्रतिशत भन्दा बढि खर्च देखिन्छ । प्रथम त्रैमासिक देखिनै कार्यक्रमहरु संचालन गरी खर्च गर्दै जानुपर्नेमा चौथौ त्रैमासिकमा मात्र खर्च ज्यादा हुनाले अधिकांश काम तेस्रो र चौथो त्रैमासिकमा भएको देखिन्छ । यसरी अन्तीम त्रैमासिकमा काम गर्दा वर्षाद, बाढी, पहिरो जस्ता दैवि प्रकोप हुने हतारमा काम गर्दा गुणस्तरहिन काम हुने, प्राविधिक कर्मचारीले अनुगमन गर्न नसकिने आदि हुँदा बजेट खर्च गर्ने उद्देश्य मात्र रहेको देखिन्छ । तसर्थ आगामी दिनमा समयमै योजनाहरु संचालन गरी चौमासिक रुपमा आनुपातिक खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३२,१३,५३,४७ | २५,६३,४८,२८ | ७९.७७ |
| सामाजिक क्षेत्र | २,७९,९३,९४,०४ | २,६५,६३,७०,३४ | ९४.८९ |

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | १,०८,६०,४६,०९ | १,०१,४७,७६,८३ | ९३.४४ |
| वित्तीय व्यवस्थापन र सुशासन | १०,८०,००,०० | १०,३४,९९,९४ | ९५.८३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १,९७,६०,४१,३४ | १,८१,५१,५५,४६ | ९१.८६ |
| **जम्मा** | **६,२९,०८,३४,९४** | **५,८४,६१,५०,८६** | **९२.९३** |

सैद्धान्तिक बेरुजु

२० **कार्यान्वयन नभएका निर्णय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको भूमिका, जिम्मेवारी र सरकार सञ्चालनका विधि निर्धारण भएका छन् । थुलुङ्ग दुधकोशी गाउँकार्यपालिकाले विभिन्न समयमा गरेका निम्नानुसारका निर्णय (उदाहरणको रुपमा) कार्यान्वयन हुन नसकेको वा अप्रभावकारी देखिएका छन् ।

| क स | निर्णय मिति | निर्णय व्यहोरा | कार्यान्वयन स्थिति तथा सान्दर्भिक व्यहोरा |
|---|---|---|---|
| १ | २०७९।१०।२९ | नेपाल सरकारले अनुरोध गरेबमोजिम २५ प्रतिशत खर्च कटौती गर्ने | रकमान्तर गरेको तथा आंशिक कार्यान्वयन गरेको जनाएतापनि स्पष्ट देखिने गरी अभिलेख तयार नगरेको |
| २ | २०७९।२।६ | अध्यक्षले प्राप्त गर्ने सेवा सुविधाबाट पालिका भित्रका १ जनालाई छात्रवृत्तिमा MBBS पढाउने | उम्मेदवार उपलब्ध नभएको |
| ३ | २०७९।८।२८ | पालिकाभित्रका घर भवनलाई सूचिकृत गर्ने | ६ महिनाको अवधि तोकिएतापनि कार्यान्वयन नभएको |
| | | कृषि र पशुजन्य सामाग्रीमा निकाशी कर | ९ सदस्यीय समिति गठन भएतापनि प्रतिवेदन नै प्राप्त नभएको |
| ४ | २०७९।९।२९ | ११ सम्भावित स्थानमा ढुंगा गिट्टी संकलन र विक्रीका लागि एकमुष्ठ वातावरणीय प्रभाव मुल्यांकन | प्रतिवेदन प्राप्त नभएको वा लेखापरीक्षणमा पेश हुन नसकेको |
| ५ | २०७९।११।२९ | वडा कार्यालय भवन निर्माण | जिल्ला समन्वयसँग साझेदारी गर्ने गरी कार्य सम्पन्न भएको तर समयमै दावी नगरेको कारण अन्तिम भुक्तानी बाँकी |

पालिकाले निर्णय गर्ने तर कार्यान्वयन नगर्दा निर्णय आधार कमजोर बन्ने तथा कार्यान्वयन फितलो भई व्यवस्थापन अप्रभावकारी बन्नेतर्फ समयमै ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **आर्थिक सहायता** - स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४ मा गाउँपालिकाले पुंजीगत शीर्षकबाट योजना बनाएर मात्र खर्च गर्नुपर्ने र यसरी योजना बनाउँदा गरिबी निबारण, उत्पादनमुलक रोजगारी सृजना,पुर्बाधार सुधार जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । पालिकाले पुंजीगत शीर्षकबाट समेत बिभिन्न बिरामीलाई सहायता, महोत्सब संचालन सहयोग जस्ता बितरणमुखि कार्यक्रममा सिधै आर्थिक सहायता

दिने गरेको देखियो । यसबाट पुँजीगत बजेट न्युन हुनुका साथै जे पर्दा पनि पालिकाले सहायता दिन्छ भनी माग गर्ने प्रचलन बढ्न जाने हुँदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

२२ **पेश्की हिसाब मिलान -** ह्युम पाईप खरिदका लागि मिमित २०७९।७।२७ मा रु.१७ लाख उपलब्ध गराएकोमा कर कट्टी बाहेक लगत्तै रु.२११८८४५ भुक्तानी भएबाट दोहोरो लेखांकन छ । दोहोरो भुक्तानी सम्बन्धमा पालिकाले समयमै हिसाब मिलान नगरेका कारण सुत्र प्रणालीमा रु.१७ लाख फछ्यौंट हुन बाँकी, ईलेक्ट्रिक बसबाट रु.१७ लाख रकमान्तर समेत दुधकोशी वहुउद्धेश्यीय शिक्षालयलाई रु.२१५६३९७ भुक्तानी देखिएबाट एकै पेश्की दोहोरो फछ्यौंट भएको देखिएकोले सो को हिसाब मिलान हुनुपर्दछ । यस सम्बन्धमा पालिकाले महालेखा नियन्त्रक कार्यालयसँग सहयोग मागेकोमा ऋणात्मक रुपमा पेश्कि उल्लेख भएको तथा गत विगतको पेश्की जिम्मेवारी सार्न नसकिएको व्यहोरा छलफलमा जनाएको छ । सम्बन्धित निकायसँग समन्वय गरी सुत्रको लेखांकनमा देखिएको दोहोरो अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तरगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन।सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२४ **राजश्व अभिलेख** -कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२५ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीक्षकको दरवन्दी रिक्त भएको अवस्थामा स्थानीयतर्फको लेखापाललाई मिति २०७५।४।२५ देखी आन्तरिक

लेखापरीक्षणको जिम्मेवारी दिईएको छ ।तसर्थ, कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको अग्रिम आय कर दायित्व रु.५७६०, बहाल कर रु.८६५६ सहित कर कट्टी भई दाखिला हुन बाँकी रु.५०७६२।६८ देखाएकोमा कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५०,७६२ |
|---|---|

२७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१ करोड २० लाख अबण्डा बजेट व्यवस्था गरी ६३ योजनामा रु.१ करोड ९ लाख खर्च गरेको छ। बजेट अबण्डामा राखी अध्यक्षको तोकादेश तथा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

| क सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|

| | | |
|---|---|---|
| १ | मागमा आधारित अध्यक्षको तोक आदेश बमोजिम छनोट भएका योजना(संस्था/विद्यालय/क्लब/) आदीलाई भुक्तानी | ५९५३३७३ |
| २ | मागमा आधारित अध्यक्षको तोक आदेश बेसी सिचाई मर्मत | ५६०००० |
| ३ | माग र प्रकृतिको आधारमा विद्यालयमा शिक्षक व्यवस्थापन तथा संचालन अनुदान | २९७८८६० |
| ४ | माग र प्रकृतिकको आधारमा खानेपानी र सिचाई योजनाहरुलाई भुक्तानी | १९७५८८० |
| **जम्मा** | | **१०९६४११३** |

सैद्धान्तिक बेरुजु

३० **भ्रमण भत्ता -** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार पालिका कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले पालिकाको क्षेत्रबाहिर वास वस्न परेमा क्रमश ३ दिन २ दिनसम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयंले स्वीकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने व्यबस्था रहेकोछ । यसैगरी दफा ८ अनुसार भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणवाट प्राप्त हुने सम्भावित प्रतिफलसमेत उल्लेख गर्नुपर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरासहितको भ्रमण प्रतिबेदन कार्यालयमा पेश गर्नु पर्ने व्यबस्था रहेको छ ।यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यबस्था रहेको छ । यस वर्ष पालिकाका पदाधिकारी तथा कर्मचारीलाई भ्रमणभत्ता खर्च लेखेको देखियो । पदाधिकारीहरुको ऐनले तोकेको अवधिभन्दा बढी अवधिको भ्रमण आदेश आफैले स्वीकृती गरेको कार्यपालिकाको बैठकबाट अनुमोदन नगरेको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने नगरेको र नियमानुसार भ्रमण अभिलेख राख्ने गरेको देखिएन । कानूनमा तोकिए बमोजिमको प्रक्रिया पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, २०७७ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. १३८। ०७९।०९।०३ मा रु.५६८५२ उद्दव ढुङ्गानालाई भ्रमण खर्च भुक्तानी भएकोमा संलग्न बील भर्पाई जोडजम्मा गर्दा भ्रमण खर्च वापत रु.३२००० मात्र भुक्तानी गर्नुपर्ने देखिएकोले भ्रमण खर्च नियमावली २०६४ अनुसार बढी भुक्तानी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,८५२ |

३२ **सामुदायिक अस्पताल सञ्चालन -** स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रावधानमा स्थानीय तहले आफ्नो आय व्यवस्था मुल्यांकन र विश्लेषण सहित कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संस्थान वा समितिको अवधारणा बमोजिम अस्पताल सञ्चालन गरेकोमा सो सञ्चालनका लागि आवश्यक आय श्रोत स्थानीय तहसँग भए नभएको मुल्यांकन बेगर भौ.न.१९९।२०८०।३।१९ लगायतबाट पालिकाले दुधकोशी

सामुदायिक अस्पताल सञ्चालनका लागि आ व २०७६।७७ देखी हालसम्म निम्नानुसार रु.८ करोड ६६ लाख खर्च भएको विवरण पेश भएको छ :

| क स | आर्थिक वर्ष | रकम |
|---|---|---|
| १ | २०७६।७७ | ४७५०००० |
| २ | २०७७।७८ | ४२४५७५०० |
| ३ | २०७८।७९ | १९५३९१२० |
| ४ | २०७९।८० | १९८७५६९५ |
| **जम्मा** | | **८६६२२३१५** |

पालिकाले यसप्रकार अस्पताल सञ्चालन गरेकोमा हरेक वर्ष सञ्चालन खर्च वृद्धि भएको देखिएकोले पालिकाको आय मूल्यांकन गरी सो को आधारमा मात्रै दिर्घकालिन दायित्व सिर्जना हुने कार्यमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **सवारी साधन मर्मत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष मर्मततर्फ तपशिल अनुसार विभिन्न शाखा, वडा कार्यालय र पालिका समेतले रु.३४००००० बजेट विनियोजन गरी रु.३२९६०८८ खर्च गरेको छ । सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संभार तथा संरक्षण अभिलेख खाता व्यवस्थित राखेको पाइएन । यसरी आगामी दिनमा यस्ता प्रकृतिको कार्यमा सुधार ल्याउन नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्ने तथा एकिकृत रुपमा एउटै शीर्षकमा एकमुष्ट बजेट व्यवस्था गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदान र प्रदेश अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १४४१६०४७६.१८ | ३६०५८०६.६३ | २.५० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३५ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | प्राप्तिको श्रोत | वार्षिक अनुमान | आम्दानी | प्रगति |
|---|---|---|---|---|
| १ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ४६२०००. | ४६२०००. | १००.०% |
| २ | अन्य संस्थागत आन्तरिक अनुदान | ९८००००. | ९७९४९२.१४ | ९९.९% |
| ३ | भुमिकर/मालपोत | ३०००००. | २६२९५६.५ | ८७.७% |
| ४ | वहाल कर | १०००००. | ११८६३८. | ११८.६% |
| ५ | वहाल विटौरी कर | ४२००००. | ८७१६४. | २०.८% |
| ६ | सवारी साधन कर (साना सवारी) | १५००००. | ०.०० | ०.०% |
| ७ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००००. | ०.०० | ०.०% |
| ८ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०००००. | २०६९००. | ६९.०% |
| ९ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १०३८०००. | २६३६००. | २५.४% |
| १० | न्यायिक दस्तूर | १००००. | ०.०० | ०.०% |
| ११ | परीक्षा शुल्क | ५००००. | ७३३००. | १४६.६% |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | २०००००. | ३०२२८८. | १५१.१% |
| १३ | नक्सापास दस्तुर | ३०००००. | ३९०००. | १३.०% |
| १४ | सिफारिश दस्तुर | ४०००००. | २५४५५०.५ | ६३.६% |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००. | १३१८५१. | १३१.९% |
| १६ | अन्य दस्तुर | ६०००००. | ३१८८४६.४९ | ५३.१% |
| १७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५००००. | १०५२२०. | ४२.१% |
| १८ | धरौटी सदरस्याहा | १००००. | ०. | ०.०% |
| **जम्मा** | | **५६८००००.** | **३६०५८०६.६३** | **६३.५%** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३७ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५६ लाख ८० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३६ लाख ५ हजार अर्थात अनुमान भन्दा ३६.५ प्रतिशत न्यून आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३८ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **राष्ट्रपति रनिङ शील प्रतियोगिता**

✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.२७४९९९।- सम्परीक्षण गरिएको ।)

४० **भ्रमण भत्ता व्यवस्थापन -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर बैठक भत्ता, फिल्ड भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने ब्यवस्था रहेको छ । कार्यालयका कर्मचारीहरुले भ्रमणमा रही दैनिक भत्ता उपभोग गरेको अवधिको समेत स्थानीय भत्ता भुक्तानी गरे नगरेको सम्बन्धमा भ्रमण अभिलेख खाता नराखेको, कर्मचारीको हाजिरी एवं रुजु हाजिर श्रेस्तासाथ संलग्न नगरेको

र भ्रमणमा खटिएको स्थान तथा अवधि यकिन हुन सकेन । भ्रमण भत्ता भुक्तान गर्दा नियमावलीमा भएका व्यवस्थाको पालना गर्ने गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **मसलन्द खर्च सम्वन्धमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष मसलन्द बापत रु.६६,२२,५८८।०० तथा पुस्तक तथा सामाग्रीमा रु.२८,७४,७३३।०० गरी जम्मा रु.९४,९७,३२१।०० खर्च गरेको छ । यस्तो खर्चमा वडा कार्यालय र विद्यालयतर्फको खर्च समेत समावेश भएको पालिकाले छलफलमा जनाएको छ । मसलन्द खर्चमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष विनियोजित विविध खर्च वापत खाना तथा खाजा खर्च शीर्षकमा रु.२२२१००० खर्च भएको देखिएको छ । पालिकाले न्युन आन्तरीक आय भएको सन्दर्भमा आन्तरिक आयको तुलनामा ऐनले तोकेको सीमाभित्र रही विविध खर्च व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **मर्मत अभिलेख -** सवारी साधन र चल्ती मेसिनरी औजारहरुको मर्मत गर्दा म.ले.प.फा.नं. २ मर्मत अभिलेख फाराम प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मर्मत खर्च भुक्तानी गरेकोमा सोको अभिलेख खुल्ने मर्मत अभिलेख खाता राखी मर्मत खर्च मितव्ययी गराउने तर्फ ध्यान दिनुपर्नेमा मर्मत अभिलेख खाता राखेको पाईएन।कानूनमा भएको व्यवस्था पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **ईन्धन खर्च -** आर्थिक का र्यविधि तथा बित्तीय उतरदायित्व ऐन २०७५ को दफा ३९ अनुसार खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्दछ । पालिकाले इन्धन अन्य प्रयोगजन रु.१५००००, इन्धन कार्यालय प्रयोजन रु.२६५४७७५ गरी जम्मा रु.२८०४७७५ खर्च गरेको छ । पालिकाले ईन्धन शीर्षकमा कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्दछ । कार्यालयले सवारी साधनको लगबुक समेत नराखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेकोले इन्धन खपतमा नियन्त्रणको अवस्था देखिदैन । यस सम्बन्धमा सवारी साधन सहित ब्याक हो लोडर सञ्चालनमा प्रयोग भएको ईन्धन समेत समावेश भएको र पदाधिकारीसहितको ईन्धन खर्च सहित कर्मचारीको लागि ईन्धनमा भुक्तानी दिईएको छलफलमा जनाएको छ । अन्य शीर्षकवाट पनि यस शीर्षकमा ईन्धन बील भर्पाईका आधारमा खर्च लेखेको देखिएकोले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत

गर्न पाउने हो सो को मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा कर्मचारीलाई मासिक रुपमा इन्धन प्रदान गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४५ **सवारी साधन भाडा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम आय सेवामा समेत लागत अनुमान तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८५(१घ) मा रु.१० लाख भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था छ । पालिकाले विभिन्न व्यक्तिसँग सम्झौता गरी यस आर्थिक वर्षमा सवारी साधन लगायतको भाडा रु.१२,०९,८९७।०० भुक्तानी गरेको देखिएको छ । यस्तो खर्च सम्बन्धमा पालिकाले योजना अनुगमन तथा पालिकामा आवश्यकताका आधारमा निर्णय लिई भाडा लिईएको व्यहोरा छलफलमा जानकारी दिएको छ । सरकारी कोषको खर्च गर्दा मितव्ययी तवरबाट गर्नका लागि यसप्रकारका खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं | मिति | रकम रु |
|---|---|---|
| ४१ | २०८०।०६।०७ | २,७०,०००।०० |
| ५२ | २०८०।०६।०७ | १,३३,०००।०० |
| १९३ | २०८०।१०।०७ | १,००,०००।०० |
| १९९ | २०८०।१०।२५ | २,४७,८९७।०० |
| २४३ | २०८०।११।२५ | ३,४९,०००।०० |
| २५८ | २०८०।११।२९ | १,१०,०००।०० |
| **जम्मा** | | **१२,०९,८९७।००** |

सैद्धान्तिक बेरुजु

४६ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा सामान खरिद, स्वास्थ्य , शिक्षा, कृषि जस्ता क्षेत्रमा आफ्नो बजेटको निश्चित हिस्सा अनुदानमा खर्च गर्ने गरेको पाईन्छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **सिलबन्दी बोलपत्र बेगरको खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेल ४ दफा २९अनुसार सेवा तथा परामर्श वापतको खरिदमा पालिकाले संक्षिप्त सुची तयार गरी खरिद गर्नपर्ने ब्यवस्था रहेको छ । सोहिऐनको परिच्छेद ५ को दफा ४० मा सिलबन्दी बोलपत्र आब्हान गरी पेश गरेका फर्महरुको तुलनात्मक अध्ययनका आधारमा न्युनतम मुल्याङ्कित दरभाउपत्र स्वीकार गर्नुपर्नेमा सो प्रक्रियमामा सहभागी सार्थक मिडिया छनौट गरेकोमा गो भौ.नं.२५४ मिति २०७९।११।२८ बाट सिलबन्दी बोलपत्र छनौटको प्रक्रयामा नै संलग्न नरहेको फर्म समुन्नत मिडियालाई भुक्तानी गरेको देखिएकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,४९,००० |

४८ **लक्षित वर्ग कार्यक्रम**

........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.**२५०,०००** ।- सम्परीक्षण गरिएको ।)

४९ **रकम फिर्ता सम्बन्धमा**

४९.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद **५** मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले लक्ष्मी बैङ्क लि मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिदा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक भत्ता बैङ्कलाई निकासा भएको रकममध्ये वितरण गरी बाँकी रकम रु.३५५५७ देखिन्छ जसमध्ये रु.२०१०९ को मात्र संचित कोष दाखिला भएको देखिन्छ ।यसका साथै अन्य विविध कारणवस सम्बन्धि लाभग्राहीको खातामा रकम नगइ बैंकमै Dummy Account को रुपमा रहेको रकमको पनि विवरण प्राप्त भएन ।अतः गाउँपालिकाले निष्क्रिय खातामा रहेको रकम र बैक Statement माग गरी भिडान गर्नुपर्दछ । साथै बैकले वितरण गरी बाँकी रहेको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४४८ |

४९.२ **Reverse Feed** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २४ मा छनौट भएको वैक तथा वित्तीय संस्थाले स्थानीय तहबाट अनलाइन प्रणाली मार्पत लाभग्राहीको विवरण प्राप्त गर्ने र उक्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको नाममा निजको उपस्थिति विना शुन्य मौज्दातमा बचत खाता खोलेर रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकासंग सामाजिक सुरक्षा भत्ता वितरणको Reverse Feed को विवरण परिक्षण गर्ने प्रयोजनको लागि उक्त विवरण माग गर्दा सो विवरण उपलब्ध हुन सकेन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसुची १० बमोजिमको ढाँचामा पालिका र बैकबीच सम्झौता भई पालिकामा रहेकोमा .९ वटै बडाहरुको सामाजिक सुरक्षा भत्ता बैकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले तयार गरेको फरवार्ड फिड र रिभर्स फिड विवरण अनुसार यस बर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण

अपाङ्ग, अति असक्त अपाङ्ग, बालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैकलाई पठाएको विवरण देहाय बमोजिम अनुसार छ ।

| क्र.स. | लाभग्राही शीर्षक | भत्ता दर | लाभग्राही संख्या | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | अन्य ज्येष्ठ नागरिक | ४००० | १६४५ | ६४९०८५६ | ६५४५६८० | ६५६६३२० | १९६०२८५६ |
| २ | ज्येष्ठ नागरिक (दलित) | २६६० | १०५ | २७६६४० | २७६६४० | २७९३०० | ८३२५८० |
| ३ | ज्येष्ठ एकल महिला | २६६० | १७३ | ४५४८६० | ४५४८६० | ४५४८६० | १३६४५८० |
| ४ | विधवा | २६६० | २७१ | ६९७२०० | ७०९२८० | ७१०८८० | २११७३६० |
| ५ | अपाङ्ग (क वर्ग) | ३९९० | १०३ | ३९९००० | ३९९००० | ४०२९९० | १२००९९० |
| ६ | अपाङ्ग (ख वर्ग) | २१२८ | २०२ | ४२६७८६ | ४२७०५६ | ४२७२१४ | १२८१०५६ |
| ७ | दलित बालबालिका | ५३२ | २०५ | १०५८६८ | १०५९१८ | १०५९७० | ३१७७५६ |
| जम्मा | | | २७०४ | ८८५१२१० | ८९१८४३४ | ८९४७५३४ | २६७१७१७८ |

सैद्धान्तिक बेरुजु

## ५१ सामाजिक सुरक्षा सम्बन्धमा

५१.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ९ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न लक्ष्मी वैंक लि लाई चार त्रैमासिकको जम्मा रु.१०१५७९९६२ बैकमा निकासा भई लेखापरीक्षणको अवधिसम्म जम्मा खर्च रु.१०१५४४४०५ वितरण भई बैकले वितरण गर्न बाँकी रकम रु.३५५५७ रहेकोमा देखिएका व्यहोरा निम्न छन्:

सैद्धान्तिक बेरुजु

५१.२ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निरिक्षण तथा अनुगमन गरी समयमा नै लाभग्राहीको खातामा रकम जम्मा गर्न लगाई फिर्ता गर्नुपर्ने रकम समयमा नै फिर्ता गर्नुपर्नेमा सो गरेको पाइएन । अतः यस्तो कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५१.३ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ११ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा,एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण

समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सुचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । तर गाउँपालिकाले समयमा नै लगत कट्टा गरी तथ्याङ्क अध्यावधिक गरेको देखिएन । अत गाउँपालिकाले समयमा नै लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.४ **रकम भुक्तानी तथा खर्च** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा १४ मा स्थानीय तहले कोष तथा लेखा नियन्त्रण कार्यालयबाट सामाजिक सुरक्षा भत्ताको निकास/भुक्तानी माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको प्रतिवेदन पेश गर्नुपर्ने साथै लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहको अनुसुची ७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसुची ८ बमोजिमको फर्वाड फिडको आधरमा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले अघिल्लो त्रैमासिक निकासा हिसाव मिलान र फर्वाड फिड नगरी अर्को निकासा दिएको देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको पालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.५ **पारदर्शीता कायम** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शीता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **सुपर सेरल फ्लोर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल, भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र विराटनगरबाट प्राप्त रु.४३३२४२० बराबरका २७ हजार प्याकेट सुपर सेरल फ्लोर ढुवानीका लागि रु.१५३००० खर्च

लेखिएको छ । उक्त सामाग्री विभिन्न स्वास्थ्य चौकी र वडा कार्यालयमार्फत वितरण गरिएको पालिकाले जनाएतापनि सो को अद्यावधिक विवरण लेखापरीक्षणमा पेश हुन सकेन । प्राप्त सामाग्री जिन्सी दाखिला नभएको तथा सम्बन्धित स्वास्थ्य चौकीबाट के कति परिमाणमा वितरण भएको वा मौज्दात रहेको हो सो खुल्न नसकेकोले प्राप्त सामाग्रीको उपयोग अवस्था खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,००० |

५३ **गरिवसँग विश्वेश्वर कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल, भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत प्रति परिवार मासिक रु.२० संकलन गर्ने निर्णय गरेकोमा सो को अभिलेख वा अद्यावधिक अवस्था नखुलेको तथा बिउँ पुँजीको पछिल्लो अभिलेख पेश भएको छैन । पालिकाले गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत रु.४ लाख ६३ हजार खर्च गरेकोमा उन्नतशिल बचत समुह साब्लेलाई रु.११०००० बराबरको ११ उन्नतजातका सुगुर पाठा, रिन्दापु प्रगतिशिल समुहलाई रु.१४०००० बराबरका १४ उन्नत जातका सुगुर पाठा गरी जम्मा रु.२ लाख ५० हजारको पाठा सिर्जनशिल बहुउद्देश्यिय कृषि फर्म थुलुङ्ग १ दुम्सेबाट खरिद गरेको छ । यसरी खरिद गरिएका पाठाको स्वस्थता प्रमाण पत्र संलग्न नरहेको तथा खरिद गरिएको बिल श्रेस्तासाथ संलग्न गरेको छैन । कार्यक्रम सञ्चालन गर्दा सो सँग सम्बन्धित प्रमाण कागजात र खर्चको पुष्ट्याई हुने आधार सहित अनुगमन प्रतिवेदन पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

५४ **उपभोक्ता समिति मार्पत खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ मा सामान खरिद गर्दा खरिद योजना बनाई प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा योजनाको मूख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समूदायलाई सहभागी गराउने भएमा मात्र उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने उल्लेख भएकोमा पालिकाले देहायका सामान खरिद र जडानको कार्यमा प्रतिस्पर्धा नगराउने उद्देश्यले लागत अनुमान रकममा नै उपभोक्ता समिति मार्फत कार्य गराएको खरिद कार्य कानून सम्मत देखिँदैन । कुटानी पिसानी मिल खरिद तथा फर्निचर तथा मालसामान खरिदमा उपभोक्ताको श्रम र योगदान नरहने भएकोले उपभोक्ताको श्रम योगदान रहने संरचना निर्माण कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्दछ।

| गो.भौ.नं. | सामानको विवरण | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| १५८।२०७९।१२।१३ | बत्तीमा कुट्ने मिल खरिद | बाहुन्ड्री बत्तीमा जिउरो खर्क टोल विकास संस्था | १८०००० |
| २८७।२०८०।२।९ | आकिमा टोल विकास संस्था | लेब्रुङ कुटानी पिसानी डिजेल मिल खरिद | २८८००० |
| २०८०।२।२२ | सयपत्री टोल विकास संस्था | पानीडाँडामा कुटानी पिसानी डिजेल मिल खरिद | ३३६००० |
| ३३५।२०८०।२।३२ | विद्युतीय कुटानी पिसानी मिल खरिद | योङकीबुङ टोल विकास संस्था | ४८००० |

| | | | |
|---|---|---|---|
| ३६७।२०८०।३।१३ | कृषि तथा पशुपंक्षी बिकास फर्निचर तथा आवश्यक सामाग्री खरिद | दिप्ली क्लेम्पी बर्मा दिङ्गेल टोल विकास संस्था | १००००० |
| ३९४।२०८०।३।२० | कुटानी पिसानी मिल खरिद तथा व्यवस्थापन | अम्रास टोल बिकास संस्था | ९६००० |
| २१८।२०८०।१।१६ | कुटानी पिसानी मिल खरिद तथा व्यवस्थापन | चेराखु कुटानी पिसानी मिल खरिद | १३९२०० |
| **जम्मा** | | | **११८७२००** |

सैद्धान्तिक बेरुजु

५५ **बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा वील, भरपाई तथा प्रमाणित कागजत संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्न गो.भौ.नं. बाट भएको करोबारको बिल तथा भरपाई पेश नभएको उक्त कारोबारको खर्च विवरण सहित आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ३२७।२०८०।२।२६ | काजी मगर | सवारी साधन भाडा | ३५००० |

........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.**५७६०००** । - सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,००० |

५६ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २२४।२०८०।१।१३ | सार्कुखोला ट्रस पुल निर्माण उ.स. | मन्देपु खोला झुलुङ्गे पुल निर्माण | ३०९२८० |
| ३९६।२०८०।३।२० | राम्चे आँगे टोल विकास संस्था | खानेपानी तथा सिचाई निर्माण | ३२१६०० |
| ४०८।२०८०।३।२३ | पञ्चन टोल विकास संस्था | खानेपानी तथा सिचाई निर्माण | ४३२००० |
| ४०९।२०८०।३।२३ | समावेशी टोल विकास संस्था | खानेपानी तथा सिचाई निर्माण | ३८४००० |
| २९१।२०८०।२।९ | रन्देपु टोल बिकास संस्था | खानेपानी निर्माण तथा मर्मत | ३७४५९२ |
| **जम्मा** | | | **१८२१४७२** |

सैद्धान्तिक बेरुजु

५८ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ५२/२०७९/९/१८ | दिप्ली, क्लेम्पी, बर्मा दिङ्गेल टोल विकास संस्था | नरकमल महिला समुह सडक ट्रयाक ओपन | २८८००० | डोजर तथा एक्काभेटर | २९९४५० |
| ५९/२०७९/१०/४ | सौरे परिवार टोल विकास संस्था | सौर्य माविर सडक ट्रयाक वडा नं. ९ | ३८४००० | डोजर तथा एक्काभेटर | ३९९२४० |
| ६०/२०७९/१०/४ | राम्चे आँगे टोल विकास संस्था | बर्खुघाट राम्चे हुदै वडा कार्यालय विर्जु डाँडा सम्म स्तरउन्नती वडा नं. ४ | ४५०००० | डोजर तथा एक्काभेटर | ४५२२२६ |
| ८३/२०७९/१०/रु२६ | लिखेप फलाटे टोल विकास संस्था | मुलखर्क लिखेप सडक ट्रयाक ओपन | ९६०००० | डोजर तथा एक्काभेटर | ९६३४३८ |
| ८६/२०७९/१०/२७ | सेर्सादु गैरी बुडिडाँडा टोल विकास संस्था | बुडिडाँडा गैरी जोड्ने सडक ट्रयाक ओपन | २८८००० | डोजर तथा एक्काभेटर | २८७४७२ |
| ८७/२०७९/१०/२७ | पैराधाम टोल विकास संस्था | वडा नं.३ पंचन भित्रका बाटो तथा सडक सरसफाई | ३८४००० | डोजर तथा एक्काभेटर | ३९००१९ |
| ९३।२०७९।११।२ | मवरा दोप्ले तोल विकास संस्था | वक्षा स्तरीय सडक सरसफाई वडा नं.९ | ४३२००० | डोजर तथा एक्काभेटर | ४३२५६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०३।२०७९।११।१४ | सेर्सादु गैरी बुडिडाँडा टोल विकास संस्था | बुडिडाँडा गैरी जोड्ने सडक ट्र्याक ओपन | १९२००० | डोजर तथा एक्काभेटर | १९७६३७ |
| ११०।२०७९।११।१७ | अम्रास टोल विकास संस्था | सेतेआहाल अमरास चारघरे सडक खण्ड स्तरउन्नती | ३८४००० | डोजर तथा एक्काभेटर | ३८४००० |
| ११९।२०७९।११।२२ | दिप्ली क्लेम्पी बर्मा दिङ्गेल टोल विकास संस्था | क्लेम्पी दिप्ली जोड्ने सडक वडा नं.८ | ६७२००० | डोजर तथा एक्काभेटर | ६७०७६८ |
| १३०।२०७९।११।२९ | दुधकोशी फुर्के मासेप टोल विकास संस्था | वडा नं.८ भित्रको सडक सरसफाई गर्ने काम | २८८००० | डोजर तथा एक्काभेटर | २९३४६१ |
| २०७९।१२।१३ | फ्युल्यूकु चारघरे टोल विकास संस्था टवल नं.८ | चारघरे दुधकोशी सामुदायिक अस्पताल सम्म आउन सडक ट्र्याक ओपन वडा नं. ८ | २३२५०० | डोजर तथा एक्काभेटर | २२८०११ |
| १६५।२०७९।१२।१४ | दीप्ली क्लेम्पी बर्मा दिङ्गेल टोल विकास संस्था | कालिका आ.वि. खेलमैदान | ११५२०० | डोजर तथा एक्काभेटर | १२५७६९ |
| १७७।२०७९।१२।१५ | राम्बे आँगे टोल विकास संस्था | बर्खुघट राम्बे हुदै वडा कार्यालय विर्जु डाँडा सम्म सडक स्तरउन्नती वडा नं. ४ | १२५९४१ | डोजर तथा एक्काभेटर | ७१८६८ |
| १८१।२०७९।१२।१५ | मवरा दोप्ले टवल विकास संस्था | दोप्ले सडक निर्माण वडा नं.९ | ५७१२०० | डोजर तथा एक्काभेटर | ५९८९०० |
| १८८।२०७९।१२।२४ | धनेश्वर भैसे कार्तिके टोल विकास संस्था | साविक नेले ४ देउराली भैसे कार्तिके सडक ट्र्याक ओपन | २६४००० | डोजर तथा एक्काभेटर | ३००००० |
| २०९।२०७९।१२।३० | सेर्सादु गैरी बुडिडाँडा टोल विकास संस्था | भापा नाङगी खोस्का तामाङ टोल जोड्ने सडक ट्र्याक ओपन All type of soil | ५७६००० | डोजर तथा एक्काभेटर | ५१५०५४ |
| २२०।२०८०।१।१२ | जोगारा बहुजातीय टोल विकास संस्था | साविक नेले १ र२ टार डाँडा जिरो पोइन्टहुदै माझखर्क कार्तिके ढिकुरे सडक ट्र्याक ओपन | ३८४००० | डोजर तथा एक्काभेटर | २९३४६० |
| २२६।२०८०।१।१४ | दाउ धाम टोल विकास संस्था | लातुप्ले, लुम्लाप बोडेखोला खिलु सडक ट्र्याक ओपन | ५०४००० | डोजर तथा एक्काभेटर | ४३१२०८ |
| २८१।२०८०।२।८ | सेसेल्भु टोल विकास संस्था | सेसेल्भु मोटर र सेस्लमु च्युर्पु सडक ट्र्याक ओपन | ७६८००० | डोजर तथा एक्काभेटर | १०१२१४१ |
| २६५।२०८०।२।४ | चिमल टोल विकास संस्था | चन्दने लिसिफार हुदै वडा कार्यालय जोड्ने सडक ट्र्याक ओपन all type of soil | १४४०००० | रादुर कन्ट्रक्शन साव | १४४३३४९ |
| २८६।२०८०।२।८ | देविशीटार टोल विकास संस्था | देविशीटार भल्लाम भन्दाखर्क हुदै घोत्तालुङ सडक ट्र्याक ओपन all type of soil | १२००००० | थुलुङ कन्ट्रक्शन | ९६४२२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०८।२०८०।२।२३ | ठुलढुङ्गा टोल विकास संस्था | ठुलढुङ्गा सडक ट्रयाक स्तरउन्नती वडा नं.२ | २८८००० | थुलुङ कन्सट्रक्शन | ७५४६१४ |
| ३२२।२०८०।२।२६ | पेराथाम टोल विकास संस्था | पैराथाम दलित बस्तो मोटर बाटो ट्रयाक ओपन | २४०००० | थुलुङ कन्सट्रक्शन | २४५५४९ |
| **जम्मा** | | | | | **११७५४४२७** |

सैद्धान्तिक बेरुजु

५९ **उपभोक्ता समितिलाई मुअकर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिकृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १३ प्रतिशत मूलय अभिकृद्धि कर जोडेर दर बिश्लेषण भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | कार्य विवरण | परिमाण | मु.अ.कर रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| ३४८।२०८०।३।३ | स्वर्णिम टोल विकास संस्था नाम्से आ.वि. भवन निर्माण | Hard rock | १२६.१६ | १९६.३९ | २४७७७ |
| | | Ordinary soil | ५०४.५४ | १४ | ७०६४ |
| **जम्मा** | | | | | **३१८४१** |

| असुल गर्नुपर्ने | ३१,८४१ |
|---|---|

६० **आनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| १४र२०७९र६र७ | रोड सोलिङ्ग उ.स. | ५७६४०१.४२ | ५७६४०१.४२ | ११५२८० | ३८३०१ |
| १५र२०७९र६र७ | रोड सोलिङ्ग उ.स. | ५७६४०१.४२ | ५७६४०१.४२ | ११५२८० | ३८३०१ |
| २४र२०७९र६र७ | सडक मर्मत संभार निर्माण उ.स. | १२२०४०२.४० | १२२०४०२.४० | २४४०८० | २२०७८ |
| २५/२०७९/८/२८ | नयाँपुल सेसेल्मु सडक निर्माण उ.स. | ९७९९७९.४४ | ९७९९७९.४४ | १९५९९६ | ८००१६ |
| ५०/२०७९/९/१८ | जनता मा.वि, | ६९७५०३.९८ | ६९७५०३.९८ | १३९५०० | १११८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७८/२०७९/१०/२५ | भुमेस्थान सिंहदेवी टोल विकास संस्था | २३२०२४.५१ | २३२०२४.५१ | ४६४११ | ६३८६ |
| ८०/२०७९/१०/२५ | जनता मा.वि. | ८७४२७९.२९ | ८९०१३९.४८ | १७८०२८ | ५५८८९ |
| ९१/२०७९/११/२ | सेसेल्मु टोल विकास संस्था | ७०४८०५.०२ | ७०७९९८.२२ | १४१५६० | ३२९३२ |
| ९४।२०७९।११।३ | सगरमाथा आधारभुत विद्यालय | २३११६६.१७ | २३११६६.१७ | ४६२३३ | ७०६७ |
| १९५।२०७९।१२।२७ | ज्यामिरे टोल विकास संस्था | ६९१९८२.६९ | ६९७०००.७७ | १३९४०० | १८४०० |
| २१३।२०८०।१।३ | दाउ धाम टोल बिकास संस्था | ८१२७८४.०७ | ८१९८३६.४३ | १६३९६७ | १६१३१ |
| ४०८।२०८०।३।२३ | पंचन टोल विकास संस्था | ५२२२९६.०५ | ५२२२९६.०५ | १०४४५९ | १४१६३ |
| **जम्मा** | | | | | **३४०८४५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४०,८४५ |

६१ **उपभोक्ता समितिको श्रेस्ता अनुगमन -** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही हुने व्यवस्था छ । उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन । उपभोक्ता समिति मार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना पूर्ण रुपमा भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिएन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२ **उपभोक्ता समितिलाई मु.अ.कर -** सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिकृद्धि कर**,** ओभरहेड**,** कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १३ प्रतिशत मुल्य अभिबृद्धि कर जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | लागत अनुमान मु.अ.कर समेत | सम्झौता रकम मु.अ.कर समेत | भुक्तानी रकम | भुक्तानी मध्ये मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| १३४।२०७९।१२।१० | सयपत्री टोल विकास संस्था | १८५८६६३.७६ | १३०२८७.४८ | १४४०००० | १३०२८७.४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३०,२८७.४८ |

६३ **पदाधिकारी यातायात सुविधा -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संसोधन सहितको) दफा ३ अनुसूची १ (क) मा उल्लेख भए भन्दा बढी नहुने गरी पदाधिकारीहरुलाई सुविधा खर्च लेख्नु पर्दछ । गाउँपालिकाले पदाधिकारीहरुलाई यातायातको साधन उपलब्ध गराएको अवस्थामा यातायात खर्च दिन मिल्ने व्यवस्था छैन ।यस पालिकाले वडा नं २ र ६ को बडाध्यक्षलाई मोटरसाईकल उपलब्ध गराएको अवस्थामा समेत यातायात खर्च बापतको रकम भुक्तानी दिएको देखियो । पदाधिकारीहरुलाई यसरी ऐनमा उल्लेखित सुविधाभन्दा बढी हुने गरी सुविधा रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम देहायअनुसार असुल हुनुपर्ने रु

| वडा नं | नाम | पद | रकम रु |
|---|---|---|---|
| २ | युजन बस्नेत | वडाअध्यक्ष | ४८,०००। |
| ६ | महेन्द्रराज राई | वडाअध्यक्ष | ४८,०००। |
| **जम्मा** | | | **९६,०००।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,००० |

६४ **जनप्रतिनिधिलाई पेश्की -** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा सभा वाट स्विकृत वजेट प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृत लाइ र प्रमुख प्रशासकिय अधिकृतले महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाइ प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्ने व्यवस्था छ । साथै स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गत कार्यक्रम सञ्चालन गर्दा आवश्यकताका आधारमा पेश्की मार्फत सञ्चालन गर्ने गरेकोमा पालिकाले वडा अध्यक्षहरुलाइ पेश्की दिइ कार्यक्रम संचालन गर्ने गरेको देखिएको छ । वडा अध्यक्षलाई कार्यक्रम संचालन पेश्की दिने कार्य बन्द हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **पदाधिकारी सुविधा**

..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.८१६,०००। - सम्परीक्षण गरिएको ।)

६६ **सवारी साधन खरीद -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा अन्य अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले यस वर्ष निम्न अनुसार रु.६३८४५७८ सवारी साधन खरिद गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ ।

| भौ.नं./मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३६१।२०८०।३।६ | हंसराज हुलासचन्द्र एण्ड के प्रा.लि. | मोटर साइकल हेलमेट | ३०६४७८ |
| ६९।२०७९।१०।६ | एम ए डब्लु अर्थ मुभर्स प्रा.लि | ब्यकहो लोडर खरिद | ५४९०००० |
| १४०।२०७९।१२।१० | रेश अटो प्रा.लि. | स्कुटर खरिद | २९९६०० |
| २०४।२०७९।१२।२९ | हंसराज हुलाश चन्द्र एण्ड के जे.भि | मोटरसाइकल खरिद | २८८५०० |
| जम्मा | | | ६३८४५७८ |

सैद्धान्तिक बेरुजु

६७ **जिन्सी दाखिला प्रमाण -** आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले खरिद वा हस्तान्तरण भई आएको जिन्सी मालसामानको ७ दिन भित्र स्पेशिफिकेशन र मुल्य खुलाई आम्दानी बाँकी जिन्सी स्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भौचरबाट खरिद गरिएको सामानहरु जिन्सी दाखिला भएको नदेखिएकोले जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| १५८।२०७९।१२।१३ | स्टाइल केयर सेन्टर | डेकोरेटशन सामान खरिद | ३४५११६ |

| प्रमाण पेश नगरेको | ३,४५,११६ |
|---|---|

६८ **पूँजीगतबाट चालु खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.४०५००० भुक्तानी दिएको पाईयो ।

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ३९३।२०८०।३।२० | सयपत्री टोल बिकास संस्था | पर्यटन सम्बन्धी क्षमता विकास तालिम | २४०००० |
| १०५।२०७९।११।१४ | जनचेतना आ.वि. | निजी शिक्षक तलव निकासा | २१००० |
| ४१३।२०८०।३।२३ | हरियाली कृषि उत्पादन तथा प्रशोधन | बालि विसतार कार्यक्रम | १४४००० |
| जम्मा | | | ४०५००० |

सैद्धान्तिक बेरुजु

६९ **मौजुदा सूची विवरण -** सार्वजानिक खरिद नियमावली २०६४ को नियम १८(४) बमोजिम मौजुदा सूचीको विवरण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयको सूचना पाटीमा

टाँस गरी वा सम्बन्धित सार्वजनिक निकायको वेवसाइडमा राखी अर्धवार्षिक रुपमा सार्वजानिक गर्नुपर्नेमा गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

७० **यातायात गुरुयोजना** - स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र आफैले निर्माण गरेका र अन्य निकायले निर्माण गरेका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) सहितको यातायात गुरुयोजना तयार गरी सडक निर्माण गर्दा सोही गुरुयोजनालाई आधार मानी प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यातायात गुरु योजना तयार गरेको देखिएन । गुरु योजना विना नै विगत वर्षदेखि पालिकाले विभिन्न सडकहरुको स्तरोन्नती, मर्मत, ट्रयाक ओपेनिङ लगायतका काम गर्दै आएको छ । पूँजिगत खर्चको ठूलो हिस्सा यसैमा खर्च भई रहेको छ । तर यातायात गुरु योजना तयार नगरेको कारण पालिका भित्रका सडक सञ्जालमा प्रत्येक वर्ष भएका खर्चको औचित्यता बारेमा विश्लेषण गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

७१ **मौजुदा सुची** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बीस लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६क बमोजिम मौजुदा सूचीमा रहेका सम्भव भएसम्म ६ वटा र कम्तीमा ३ वटा परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी गर्न सकिने व्यवस्था छ । नियमअनुसार ६ वटा फर्मसँग प्रस्ताव नमागी ३ वटा फर्मसँग मात्र माग गर्ने निर्णय गरेकोलेले प्रतिस्पर्धा सीमित हुन पुगेको छ । खरिद कार्यमा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिदमा लागेको वास्तविक खर्चलाई आधार लिनुपर्ने व्यवस्था छ । पालिकाले परामर्श सेवाको लागि लागत अनुमान नै तयार नगरेकोले परामर्श सेवामा भएको खर्च मितव्ययी भए नभएको यकिन गर्ने आधार भएन । तोकिएबमोजिम लागत अनुमान तयार गरी परार्श सेवा खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन , २०६३ को दफा ८ (२) वमोजिम यो ऐन र यस ऐन अन्तरगत वनेको ऐन नियम वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले निम्न अनुसार खरिद कार्य प्याकेज वनाइ वोलपत्रको माध्यमवाट खरिद गर्न सकिनेमा टुक्रा टुक्रा गरि कोटेशन गरी सोझै खरिद गरी रु.४५८५८९० खर्च गरेको देखियो । साथै सार्वजनिक

खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको खरिद गर्दा स्पेशिफिकेसन बमोजिम समान प्राप्ती भए नभएको निरिक्षण वा परीक्षण गरेको देखिएन । यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया पुरा नगरी समान प्राप्ती गर्ने र भुक्तानी दिने कमजोरीमा सुधार हुनुपर्दछ ।

| भौ. नं. | समानको प्रकार | भुक्तानी पाउने पार्टी | भुक्तानी रकम | खरिद विधि |
|---|---|---|---|---|
| ६९/२०७९/१०/०६ | ASUS Laptop i७ | एस.एम. ट्रेडर्स एण्ड सप्लायर्स | २२३७४० | कोटेशनबाट |
| ७४/२०७९/१०/०६ | Laptop i५ | एस.बि. मल्टी बिजनेश कम्पनी प्रा.लि. | ९८३१०० | कोटेशनबाट |
| ३४/२०७९/८/२८ | Laptop, Computer लगायत अन्य सामान | ब्रोडकास्ट ग्रुप प्रा.लि. | ५६९४०० | कोटेशनबाट |
| १४०/.२०७९/१२/१० | स्कुटर खरिद | रेश अटो प्रा.लि. | २९९६०० | कोटेशनबाट |
| २०४/२०७९/१२/२९ | पल्सर १५० सि.सि. मोटरसाइकल | हंसराज हुलासचन्द्र एण्ड को प्रा.लि. | २८८५०० | कोटेशनबाट |
| २०५/२०७९/१२/२९ | पल्सर २२० सि.सि. मोटरसाइकल | हंसराज हुलासचन्द्र एण्ड को प्रा.लि. | ३९४५०० | कोटेशनबाट |
| ११३।२०७९।११।२२ | फर्निचर तथा फिक्चर्स | एस वि मल्टी विजनेश कम्पनी प्रा.लि. | ७१८२२८ | कोटेशनबाट |
| ११६।२०७९।११।२२ | फर्निचर तथा फिक्चर्स | एस वि मल्टी विजनेश कम्पनी प्रा.लि. | १६०४६० | कोटेशनबाट |
| ११८।२०७९।११।२२ | फर्निचर तथा फिक्चर्स | फाईन मल्टिपर्पोज कम्पनी प्रा.लि, | ४६०३६२ | कोटेशनबाट |
| ३०७।२०८०।२।२३ | फर्निचर तथा फिक्चर्स | प्रेम सिंह महरा | ३७०००० | कोटेशनबाट |
| २०८०।३।५ | फर्निचर तथा फिक्चर्स | प्रेम सिंह महरा | ११८००० | कोटेशनबाट |
| **जम्मा** | | | **४५८५८९०** | |

सैद्धान्तिक बेरुजु

७४ **गत बर्षको भुक्तानी -** गत विगतको भुक्तानी हुन नसकी प्रमाणित भुक्तानी दिन बाँकीको कच्चाबारी म.ले.प.फा.नं.२२१ (साविक म.ले.प.फा.नं.१८) को आधारमा चालु वर्षमा भूक्तानी दिन सक्ने व्यवस्था छ । पालिकाले रामसागर फुलवारी जे.भि लाई यस आर्थिक वर्षमा खर्च रु. ५६५१८२६.९४ भुक्तान गरेकोमा खर्चको स्रोत र भुक्तानी बाँकी रहनुको कारण स्पष्ट नखुलाएकोले खर्चको आधिकारिकतामा विश्वस्त हुन सकिएन । बहुबर्षिय योजनाको अभिलेख व्यवस्थित नगरी तथा भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी वेगर खर्च लेख्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **नक्सा पास** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यो वर्ष गाउँपालिकामा २ वटा नक्सा पास सम्बन्धी काम भएको देखिन्छ । त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **सामुदायिक सिकाई लागत** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नि- यमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल, भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । तर पालिकाले भौचर नम्बर २३९।३।२२ बाट हिमालयन सामुदायिक सिकाई केन्द्रलाई रु.२ लाख भुक्तानी गरेकोमा कार्यक्रमसँग सम्बन्धित रु.८३५०० तथा सञ्चालन खर्च रु.११४००० भएको देखिएको छ । रु.८३ हजारको कार्यक्रम सञ्चालन गर्न रु.१ लाख १४ हजार खर्च गर्दा कार्यक्रमको उपयोगिता तथा उपादेयतामा आश्वस्त हुन सकिएन । कार्यक्रम सञ्चालन गर्दा परिणाम र नतिजाप्राप्त हुने गरी मितव्ययीतवरले गर्नतर्फ पालिकाले ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७७ **पढ्दै कमाउदै कार्यक्रम**

...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.३००६५५- सम्परीक्षण गरिएको ।)

७८ **सार्वजनिक सम्पत्तिको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **गाउँ शिक्षा योजना** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषय उल्लेख छन् । पालिकाले भौ न ५१३-२०८०।३।३० गाउँ शिक्षा योजना निर्माणका लागि रु.२ लाख मिति २०७९।११।१६ मा गणेश बहादुर गुर्धामीलाई पेश्की भुक्तानी दिएकोमा लर्खापरीक्षण अवधिसम्म पनि अन्तिम प्रतिवेदन प्राप्त नहुँदै फछ्र्यौट गरेको छ । गाउँ शिक्षा योजनाको अन्तिम प्रतिवेदन प्राप्त गरी सो को दाखिला प्रतिवेदन पेश हुनुपर्ने तथा अन्तिम प्रतिवेदन बेगर बर्षान्तमा पेश्की फछ्र्यौट गर्ने कार्य नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

८० **घरभाडा भुक्तानि** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट

बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गो भौ नं २६५ मिति २०७९।१२।०९ मार्फत गत आ.व. को घरभाडा बापत भनि रु.८४००० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८४,००० |

८१ **कडा चट्टान कटिङ -** कार्यालयले गो.भौ.नं.३०८ बाट ठुलाढुङ्गा टोल विकास संस्थालाई Roadway excavation in hard rock with rock breakers including breaking rock lift sand load for disposals per drawing and technical specifications mechanical method कार्यको दर बिश्लेषण रु.१७००.३८ कायम गरेकोमा वडा नं.२ को विभिन्न सडक स्तरउन्नती गर्दा उक्त कार्य गरे वापत प्रति घनमिटर रु.२९१२.५ भुक्तानी भएकोले बढी भुक्तानी भएको प्रति घनमिटर रु.१२१२.१२ का दरले १२९.७९ घनमिटरको रु.१५७३२१ बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५७,३२१ |

८२ **प्रशासकिय भवन निर्माण**

........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.**२,७००,०९५.६१** ।- सम्परीक्षण गरिएको ।)

८३ **नापी एबं प्राबिधिक मुल्यांकन -** सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार सार्बजनिक निर्माण कार्यको प्राबिधिक बाट लागत अनुमान, नापि , कार्य मुल्याकनको आधारमा भुक्तानी हुनुपर्नेमा अन्तिम नापि, कार्य मुल्याकन श्रेस्ता साथ पेश नभएकोले निम्नानुसार कार्यको नापि , कार्य मुल्यांकन पेश हुनुपर्ने रु

| गो.भौ.नं./मिति | निर्माणःव्यवसायीको नाम | निर्माण कार्य | सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४०९।२०८०।३।२३ | समावेशी टोल विकास संस्था | चाङ्गल्सी खानेपानी मर्मत | ३८४००० | ३८४००० | ३८४००० |

यस सम्बन्धमा पालिकाले लेखापरीक्षणको क्रममा कागजात फरक शिर्षकमा समावेश भएको कारण पेश हुन नसकेको व्यहोरा सहित कार्य सम्पन्न प्रतिवेदन लगायतका आवश्यक कागजात प्रतिक्रियासाथ पेश गरिने जनाएको छ । तोकिएबमोजिम श्रेस्तासँग भुक्तानीका लागि आवश्यक कागजात संलग्न गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.**१,२७५,३५८**।- सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८४,००० |

८४ **नापी वेगरको आइटममा भुक्तानी**

........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.**२३७,५५६** - सम्परीक्षण गरिएको ।)

८५ **सुकेपोखरी पर्यटन योजना -** पालिकाले गो.भौ.नं.२।२०७९।०५।१३ मा सुकेपोखरी पर्यटन योजना ठेक्का नं. TDRM/NCB/WORK/२०७७/७८-०७ को ३rd Running bill भुक्तानी गर्दा Lab test रु. ८०००० Built Architectural sanitary & Electrical drawing रु. ४०००० Environmental mitigation works रु.६०००० Reallocation of services and minor infrastructure रु. ४०००० र Provide and maintain site office रु.२४०००० गरी जम्मा रु.५१९८०० कर विजक बेगर विल भुक्तानी भएकोमा उक्त Items को तोकिएबमोजिम कर विजक पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१९,८०० |

८६ **फरक शिर्षकमा खर्च**

........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.२,**५५९**,८२६।- सम्परीक्षण गरिएको ।)

८७ **सिल व्याण्ड र लिन्टल व्याण्ड -** सिल व्याण्ड र लिन्टल व्याण्डः सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार सार्बजनिक निर्माण कार्यको प्राबिधिक बाट नापि , कार्य मुल्याकनको आधारमा भुक्तानी हुनुपर्नेमा व्यवस्था छ । तर पालिकाले विभिन्न योजनाको भुक्तानीका लागि **measurement** गर्दा **brick masonry work** मा **sill band** र **lintel band** को परिमाण नघटाई भुक्तानी गर्दा रु.२८२०८१ बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| गो.भौ.नं./मिति | निर्माण व्यवसायीको नाम | योजनाको नाम | ठेक्का नं. | Brick masonry work को परिमाण | sill band and lintel band को परिमाण | फरक परिमाण | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| ९/२०७९।०५।२१ | कुँवर ढेभलपर्स एण्ड बिल्डर्स प्रा.लि. | प्रशासनिक भवन निर्माण कार्य | TDRM/NCB/WORK/२०७७/७८-०६ | ११४.१७ | १४.४९ | ९९.६८ | १७००० | २४६३३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४६,३३० |

८८ **ल्याव परिक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिन दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने तथा विओक्युमा उल्लेखित कार्यबमोजिम गुणस्तर आश्वस्त हुने परीक्षण अनिवार्य रुपमा

गर्नुपर्दछ । निकायले लागत अनुमान तयार गर्दा नै एज विल्ट नक्सा समावेश नगरेको, निर्माण कार्य सम्पन्न भए पनि रु.३०००० Project Information board नराखेको , Lab test वापतको र.२७००००, Site office वापतको रु.९००००, र Traffic safety वापतको रु.५०००० लगायतका कार्य गराएको छैन । सो मध्ये Lab test गर्ने कार्य नभै नभएको देखिएकोले निर्मित संरचना एवं प्रयुक्त सामाग्रीको गुणस्तरमा आस्वस्त हुन सकिएन । निर्माण कार्य सम्पादन गर्दा तोकिएबमोजिम आधारभुत कार्य गर्ने र गुणस्तरमा आश्वस्त भएपश्चात मात्रै निर्माण कार्य स्वीकार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८९ **उपभोक्ता समीति मार्फत कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम जनसहभागिता अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले संलग्न अनुसुची अनुसारका उपभोक्ता समितिबाट कार्य गराएकोमा दर विश्लेषण अनुसार Earthwork excavation all type of soil, ordinary rook र medium rock कार्य गर्दा प्रति घनमिटर रु.१४, १३.१२, १९६.३९, २५.८९, ३९.३६, १९५.६२ र ३८.३७ मूल्य अभिवृद्धि कर समेत समावेश गरी दर विश्लेषण गरी भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर भुक्तानी गर्न मिल्ने नदेखिएको मूल्य अभिवृद्धि कर वापत भुक्तानी भएको रकम रु.२१०१०८० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २१,०१,०८० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ८९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९० **मु अ कर विवरण -** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्तालेे मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता **ACTIVE** रहनु पर्नेमा **IRD Portal** मा गइ **PAN Search** गर्दा करदाता देहाय बमोजिम अबधि देखि नन\फाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा यस बर्ष कार्यालयले निम्न आपुर्तकबाट सार्वजनिक निर्माण तथा खरिद कार्य गराउँदा मुल्याङ्कन भएको कामको मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोछ। तर निम्नानुसारका व्यवसायी ननफाइलर देखिएकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गोश्वारा भौचर नं./मिति | फर्मको नाम | कार्य | आपुर्तिकर्ताको नाम/पान नम्बर | भुक्तानी रकम | मु.अ. कर रकम |
|---|---|---|---|---|---|
| ७२-२०८०।३।१९ | राम सागर/नेपाल फुलवारी जे.भि. | सुकेपोखरी पर्यटन योजना | ६१६०२९६८४ | ३२४६०५६. | २६१४०८ |
| ३।२०७९।०५।१३ | गगन कन्सट्रक्शन | वडा नं ५ को वडा कार्यालय भवन निर्माण | ३०२७४०८७३ | १२७५३५९ | १४६७२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०७।२०७९।११।१४ | रादुर कन्ट्रक्शन सेवा | वडा नं.९ को वडा कार्यालय भवन निर्माण | ६०२७६१२०२ | २८९६७९६ | ३३३२५९.७६ |
| २।२०८०।३।६ | रावा कन्सट्रक्शन | वडा नं.७ को वडा कार्यालय भवन निर्माण | | १९८९०३०.९८ | ९६५१७४.४६ |
| ९।२०७९।५।२१ | कुँवर डेभलपर्स एण्ड बिल्डर्स प्रा.लि. | प्रशासनिक भवन निर्माण | ६०४२२५६२१ | ९२९५३००.८१ | १०६९३७०.८९ |
| १।२०८०।३।२२ | कुँवर डेभलपर्स एण्ड बिल्डर्स प्रा.लि. | प्रशासनिक भवन निर्माण | ६०४२२५६२१ | ५९००००० | ४३०२२३ |
| २६८-२०७९।१२।१० | ईशानी अर्डर एण्ड सप्लायर्स सोलुखुम्बु | सामाग्री खरिद | | ३८४२०९ | ३०९४०.७२ |
| **जम्मा** | | | | **जम्मा** | **३२३७०९९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,३७,०९९ |

९१ **न्युन प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने र त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन समान अवसर प्रदान गर्नुपर्ने , दफा ५२(४) मा पेश्की प्राप्त गरेको मितिले ३० दिनभित्र कार्यारम्भ गर्नुपर्ने, नियमावलीको नियम ११३(२) मा बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण नियमित रुपमा उपलब्ध गराउनुपर्ने तथा नियम ११२ मा रु १० लाखभन्दा बढीको निर्माण कार्यको अनिवार्य विमा सम्बन्धि व्यवस्था रहेका छन् । लागत अनुमानको तुलनामा न्यून प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | दुधकोशी खेलग्राम | २३ | राम सागर/नेपाल फुलबारी जेभी | १७५९४२९१८।३४ | १४५३७२८५६।६९ | १.५ |
| २ | १० शैया अस्पताल जुबु | २० | रमन/नेपाल फुलबारी जेभी | १८८५८१३२६।०० | १६८०२५४५९।१६ | १.९२ |

पालिकाले खरिद सम्झौता गरेका उपरोक्त योजनामा लागत अनुमानको तुलनामा न्यून प्रतिशत घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको छ । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको, बीमा बेगर कार्य गराएको, पेश्की प्राप्त गरेको ३० दिनभित्र कार्य आरम्भ भैसक्नुपर्नेमा सो नभएको, एक मात्र बोलपत्र दाता रहेको, पेश्कीको प्रयोग सम्बन्धमा अनुगमन नभएको, रु १० लाखभन्दा माथिको निर्माण कार्यमा अनिवार्य विमा गर्नुपर्नेमा सो नभएको, हरेक ६० दिनमा कार्यक्रम अपडेट लिनुपर्नेमा सो नगरेको अवस्था छ ।अत : सार्वजनिक निकायले खरिद व्यवस्था गर्दा पर्याप्त प्रतिस्पर्धा भएको सुनिश्चित गरी मितव्ययी खरिद सम्झौता गर्ने र भएका सम्झौतामा तोकिएबमोजिमका शर्त तथा नियममा भएका व्यवस्थाको पालना गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९२ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९३ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.२८७६९८७० का १ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र.स. | योजनाको नाम | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | सुकेपोखरी पर्यटन प्रवर्द्धन कार्यक्रम | राम सागर।नेपाल फुलवारी जे.भी | २०७८।०६।२० | २०८०।०६।३० | २८७६९८७० | ९५% |

सैद्धान्तिक बेरुजु

९४ **वीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको, पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न हुन नसकेको अवस्था छ । । लेखापरीक्षण अवधिसम्म खरिद सम्झौता र नियमावलीले गरेको व्यवस्था बमोजिम बिमा नगरेको देखिएकोले निर्माण कार्यको बिमा गर्नुको साथै समयमै योजना सम्पन्न गर्ने गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

| ठेक्का | निर्माण व्यवसायी | सम्झौता रकम | व्यहोरा |
|---|---|---|---|
| ९ नं वडा कार्यालय भवन निर्माण | रादुर कन्स्ट्रक्सन सेवा | ९३९२६९२।०२ | वीमा नगरेको तथा भुक्तानी समेत नभएको |
| १० शैया अस्पताल जुबु | रमन/नेपाल फुलबारी जेभी | १६८०२५४५९।१६ | लेखापरीक्षण अवधिसम्म बिमा गरेको प्रमाण पेश हुन नसकेको |

| | | | |
|---|---|---|---|
| TDRM/NCB/Work/२०७७/०७८-६ | कुँवर डेभलपर्स एण्ड विल्डर्स प्रा.लि.. | ३७२२८६४२.१९ | बीमाको रकम दावी नगरेको |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९५ **शिक्षण सहयोग अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल, भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । तर पालिकाले भौचर नम्बर २४३-३।२२ बाट ४ विद्यालयलाई शिक्षण सहयोग अनुदानबापत रु.३८५७७० भुक्तानी दिएकोमा सो को उपयोग तोकिएको क्षेत्र र विषयमा भए नभएको यकिन हुने कागजात श्रेस्तासाथ संलग्न गरेको छैन । विद्यालयलाई दिएको अनुदान रकम तोकिएको क्षेत्र र विषयमा उपयोग भएको प्रमाण पुष्ट्याई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८५,७७० |

९६ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले सहकारी संस्थाहरुको विवरण पेश रहेका छैन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९७ **बिद्यालयगत निकासा -** पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९८ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) -** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७९।८० मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५

प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९९ **दरवन्दी मिलान -** शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

१०० **पाठ्यपुस्तक तर्फ -** कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब २०७९।०८० को क्रि.नं २.४.६.१ अनुसार सामुदायिक विलालयमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक वितरण अनुदान वापत बिद्यालयहरुको खातामा EMIS DATA अनुसार रु.२७७४७३३.४५ निकासा भएकोमा गाउँपालिकाले निकासा गरेको रकम र विद्यालयहरुले पेश गरेको वितरणको विल भरपाई परीक्षण गरी निकासा बमोजिम पाठ्यपुस्तक बितरण भए नभएको गाउँपालिकाले भिडान गरी पाठ्यपुस्तक बितरणको सुनिश्चितता प्रदान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०१ **छात्रावृत्ति अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा विद्यालयहरुमा रु.८७३४०० निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन बाट विद्यार्थी संख्या यकिन नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अतः पालिकाले निकासा गरे बमोजिम छात्रवृत्ति बितरण गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०२ **विद्यालय भौतिक पूर्वाधार निर्माण**

........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.**५,५००,०००**।- सम्परीक्षण गरिएको ।)

१०३ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या गाउँपालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ५१ वटा विद्यालय | नखुलेको | ३५७ | ४९ | नखुलेको |

शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०४ **दिवा खाजा कार्यक्रम -** पालिकाले यस बर्ष सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी रु.१५ का दरले ५० बाट विद्यालयको खातामा रु. ६७७७५०१ निकासा खर्च लेखेको छ । कक्षा १ देखि ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई १८० दिनको १५ का दरले रु.६७७७५०१ निकासा भएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को व्यवस्था अनुसार EMIS DATA र सोको सत्यापन गरेको तथ्याङ्क अनुसार विद्यार्थी संख्या एनिक गरी मात्र निकास गर्नुपर्दछ । दिवा खाजा वापत निकासा भएको रकम र विद्यालयहरुले पेश गरेको दिवा खाजाको वील भरपाई भिडान गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०५ **सेवाप्रवाह सम्वन्धि विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ स्थानीय सरकारको काम, कर्तब्य र अधिकारको सम्बन्धमा ब्यवस्था गरेको छ । यस बर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालिकाले पर्याप्त ध्यान दिनुपर्दछ ।

| सेवाप्रवाह सम्वन्धि विवरण | | | | |
|---|---|---|---|---|
| क्र स | विवरण | सेवा प्रासिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
| १ | नागरिकता सिफारिस | १३५ | १२९ | |
| २ | घरवाटो सिफारिस | ५८ | ४२ | |
| ३ | नाता प्रमाणित | १४९ | १४९ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | जन्म,मृत्यु दर्ता | ३०० | ३०० | |
| ५ | अन्य | ११२ | ११२ | |

सैद्धान्तिक बेरुजु

१०६ **उपभोक्ता समिति मार्फत कार्य** - उपभोक्त समिति मार्फत कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) बमोजिम रु. १ करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बस्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति गठन गरी काम गराउन सकिने, नियम ९७(९) बमोजिम उपभोक्ता समितिले हेभी इक्वीपमेन्ट जस्तै डोजर, लोडर, स्काभेंटर, रोलर, ग्रेडर आदि स्वीकृत बेगर प्रयोग गर्न नपाईने र नियम ९७(१०) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने प्रस्ट कानुनी व्यवस्था छ । स्थानीय बासिन्दा तथा लाभग्राहीले रोजगारीको अवसर पाउन, काम प्रति अपनत्वको भावना वृद्धि होस र वातावरण मैत्री काम सम्पन्न होस भन्ने उद्देश्यबाट नियमावलीमा यस्तो व्यवस्था गरेको छ । गाउँपालिका अन्तर्गत स्वीकृत भएका २०३ योजनाहरु मध्ये १९९ योजना उपभोक्ता समिति मार्फत र जम्मा ४ वटा मात्र निर्माण ब्यसायी मार्फत संचालन भएका छन् । गाउँपालिकामा लागत अनुमानको २० प्रतिशत जनश्रमदान र ८० प्रतिशत अंश गाउँपालिकाले व्यहोर्ने गरी उपभोक्ता समितिहरुसँग सम्झौता गर्नुपर्नेमा यसलाई कडाईका साथ परिपालना गरिएको देखिदैन ।। सडक मर्मत तथा निर्माण कार्यमा अधिकांश उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने र गाउँपालिकाबाट प्राप्त हुने रकमबाट निर्माण व्यवसायीबाट कार्य गराई निर्माण व्यवसायीलाई उपभोक्ता मार्फत भुक्तानी दिने गरेको छ । यस्तै प्रकृतिको काममा ठेक्का मार्फत प्रतिस्पर्धा गराई काम गराउँदा ५०% भन्दा घटीमा काम सम्पन्न हुने गरेको छ । बचत भएको रकमबाट अर्को काम सम्पन्न हुन सक्ने सम्भावना समेत रहन्छ । उपभोक्ता समिति मार्फत काम गराउँदा आफै काम नगरी निर्माण व्यवसायी मार्फत काम गराएको देखिएकोले पालिकाले प्रतिस्पर्धात्मक विधिबाट काम गराउनेतर्फ ध्यान दिनुपर्दछ साथै टुक्रा टुक्रा कामको ठूलो प्याकेज बनाई ठेक्का व्यवस्थापन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०७ **एम्बुलेन्स सञ्चालन** - भौ न १२३-११।२६, भौ न १२५-११।२६ पालिकामा यस वर्षमा कृषि क्षेत्रका लागि कृषि एम्बुलेन्स १ रु.२५४५००० र स्वास्थ्य सेवाका लागि स्वास्थ्य एम्बुलेन्स १ रु.२२३२०४६ (स्टाईल कार डेकोर) गरी जम्मा रु.४७७७०४६ अग्नी ईन्कर्पोर्टेड प्राली खरिद गरी सञ्चालन गरेको छ । एम्बुलेन्स खरिद गरेको र सञ्चालन सम्बन्धमा पालिकासँग आम्दानी विवरण माग गर्दा सो विवरण लेखापरीक्षणमा पेश हुन सकेन । एम्बुलेन्स सञ्चालन, ईन्धन खर्च, प्रयोगको लगबुक र त्यसको आम्दानी सम्बन्धमा लेखापरीक्षणको क्रममा प्राप्त जानकारी एवं अभिलेख परीक्षण गर्दा ईन्धन खर्च र लगबुक विवरण प्राप्त नभएको, सञ्चालन व्यवस्थापनका लागि कार्यविधि नरहेको, उक्त एम्बुलेन्स नियमित सञ्चालनमा रहेको तथा मौखिक आदेशका आधारमा परिचालन गरिएको जनाएको छ । एम्बुलेन्स परिचालन र व्यवस्थापनका लागि पालिकाले कार्यविधि निर्धारण गरी व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०८ **ब्याक-हो-लोडर सञ्चालन -** पालिकामा विगत वर्षमा रु.५४९०००० खरिद गरेको ब्याक-हो-लोडर १ र यस आर्थिक वर्षमा भाडामा लिएको १ गरी २ ईक्यूपमेन्ट सञ्चालनमा रहेका छन् । हेभि ईक्युपमेन्ट सञ्चालनका लागि रु.२०७९।१२।१७ मा बनेको भएतापनी पालिका अध्यक्ष लगायतको निर्देशनमा प्रयोगमा आउने गरेको, पालिकाको निर्देशन र सञ्चालक समितिको निर्णयानुसार भएको उल्लेख गरेतापनि पालिकाको ईन्धन प्रयोग र टोल विकास संस्थाले प्रयोग गरेबापत भुक्तानी गरेकोमा बहाल कर असुल गरेको नदेखिएको, २ सवारी चालक रहेको, मिति २०७९।११।२९ को निर्णयबाट साविकको रु.२५०० प्रतिघण्टामा दर घटाई रु.१५०० कायम (ईन्धन बाहेक) गरेको, चालक तलबमा रु.५३८४३४ खर्च भएको, मर्मत सम्भार खर्च नछुट्टिने गरी खर्च भएको, लोडरको आम्दानी विवरणमा रु.२१५१५० भएको विवरण पेश भएको छ । ईक्युपमेन्ट सञ्चालन, ईन्धन खर्च, चालक खर्च, मेशिन प्रयोगको लगबुक र त्यसको आम्दानी सम्बन्धमा लेखापरीक्षणको क्रममा प्राप्त जानकारी एवं अभिलेख परीक्षण गर्दा ईन्धन खर्च र लगबुक विवरण प्राप्त हुन नसकेको, सञ्चालन व्यवस्थापनका लागि कार्यविधि रहेतापनि त्यसको प्रयोग नरहेको, उक्त ब्याक-हो-लोडर पालिका भित्रका कच्ची सडकको नियमित सञ्चालनमा प्रयोगमा ल्याएको तथा मौखिक आदेशका आधारमा परिचालन गरिएको जनाएको छ । ब्याक-हो-लोडर परिचालन र व्यवस्थापनका लागि पालिकाले कार्यविधि निर्धारण भएकोमा सो बमोजिम हेभी सवारी ईक्युपमेन्ट सञ्चालन तथा उपयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०९ **बहुप्राविधिक शिक्षालय -** थुलुङ्ग दुधकोशी गाउँपालिकाले मिति २०७६।५।११ मा स्वीकृत थुलुङ्ग दुधकोशी प्राविधिक शिक्षालय सञ्चालन सम्बन्धि कार्यविधि २०७६ बमोजिम पालिकाले निर्णय र बजेट उपलब्धताको आधारमा अनुदान दिने गरेको छ । शिक्षालय सञ्चालनका लागि कार्यपालिका सदस्यको संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति रहने व्यवस्था रहेको, प्रिन्सिपल समेत ११ जनाको दरबन्दी रहेको, सेवा सुविधा नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने, भत्ता सञ्चालक समितिको निर्णयबमोजिम मासिक तलव स्केलको बढीमा ५० प्रतिशतसम्म हुने, विद्यार्थी भर्ना छनोट सिटिईभिटीको प्रक्रियाबमोजिम हुने, आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र रजिष्टर्ड अडिटरबाट लेखापरीक्षण गर्नुपर्ने लगायतका व्यवस्था कार्यविधिमा रहेका छन् । थुलुङ्ग दुधकोशी बहुप्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापनका लागि निम्नानुसार अनुदान खर्च गरेको, ईलेक्ट्रिक बस शिर्षकमा रु १७ लाख समेतको रकमान्तर गरी शिक्षालयलाई अनुदान दिएको र चालु आव २०८०।८१ का लागि बजेट विनियोजन गरेको छ :

| क स | आर्थिक वर्ष | रकम |
|---|---|---|
| १ | २०७८।७९ | ४०००००० |
| २ | २०७९।८० | ८०००००० |
| ३ | २०७९।८० | १२०००००० |
| **जम्मा** | | २४०००००० |

३ वर्षे सिभिल ईन्जिनियरिङ्ग मा ४८ सिट क्षमतामा सञ्चालित यस शिक्षालयमा पहिलो बर्ष ३५ जना, दोश्रो वर्ष ७ जना, तेश्रो वर्ष २४ र चौथो वर्ष २८ भर्ना अवस्था रहेको छ । पालिकाले यस्ता प्रकृतिका कार्य गर्ने निर्णय गर्दा पालिकाको आय, सञ्चालन क्षमता, दिर्घकालिन दायित्वको मूल्यांकन तथा विश्लेषण गरेर मात्रै गर्नुपर्ने देखिएको छ । साथै, थुलुङ्ग दुधकोशी गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ को दफा ११(३) बमोजिम अनुदान, सहायता, लगानी, विनियोजन लगायतका सबै कारोबार र लेखा पालिकाले तयार गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा

शिक्षालयको लेखापरीक्षण प्रतिवेदन माग गरेकोमा शिक्षालयले आर्थिक वर्ष २०७८।७९ मा निकासा अनुदानमध्ये रु.२ लाख आम्दानी नबाँधेको, खाना खाजा भ्रमण खर्च छात्रवृत्ति लगायतमा समेत खर्च भएको देखिएकोले खर्चको उपयोगिता तोकिएबमोजिम भए नभएको यकिन गर्न सक्ने अवस्था रहेन ।

सैद्धान्तिक बेरुजु

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु.१००००/-, उपाध्यक्षले रु.१००००/-, वडाध्यक्षले रु.४०००/- र कार्यपालिका सदस्यले रु.२०००/- मासिक अनुगमन भत्ताको पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन नगरेकै अवस्थामा अनुगमन वापत एकमुष्ठ भत्ता बुझेको सम्बन्धमा लेखापरीक्षणमा व्यहोरा औंल्याएकोमा एकमुष्ट प्रतिवेदन प्रतिक्रियासाथ पेश हुन आएको छ । खर्च लेख्दा सो सँग सम्बन्धित खर्चका आधार र पुष्ट्याई संलग्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | ०.०० |

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | वार्षिक अनुगमन भत्ता |
|---|---|---|---|
| अध्यक्ष | १ | १०००० | १,२०,००० |
| उपाध्यक्ष | १ | १०००० | १,२०,००० |
| वडाध्यक्ष | ९ | ४००० | ४,३२,००० |
| कार्यपालिका सदस्य | ६ | २००० | १,४४,००० |
| जम्मा | | | ८,१६,००० |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>२</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशिर्षकमा विनियोजित रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशिर्षकको मौज्दात रकमबाट खर्च गर्न सक्नेछ । त्यस्तो खर्च भएको रकम नियम ४३ बमोजिम नियमित गराउने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था छ । वडा नं.९ को वडा कार्यालय भवन निर्माणको लागि खानेपानी सिचाँई बोर्ड स्थापना गठन तथा व्यवस्थापन (माग र प्रकृतिको आधारमा खानेपानी र सिचाँई योजनाहरुलाई भुक्तानी) SDG सँग सम्बन्धित शीर्षकमा विनियोजित बजेटबाट मिति २०७९।११।१४ मा गो.भौ.नं.१०७ बाट रु.२५५९८२६ वडा नं.९ को वडा कार्यालय भवन निर्माण कार्यमा खर्च गरेको छ । यस सम्बन्धमा जिल्ला समन्वय समितिबाट रकम सोधभर्ना प्राप्त भएपश्चात हिसाब मिलान गरिएको र प्रतिक्रियासाथ प्रमाण पेश गरिने जनाएकोमा सभाबाट समर्थन गराई पेश गरेको छ । नियमावलीमा भएको व्यवस्थाबमोजिम तोकिएका शिर्षकमा खर्च गर्ने र सोधभर्ना भएको प्रमाण पुष्टयाई व्यवस्थित गरी श्रेस्तासाथ राख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td>०.००</td></tr>
<tr><td>३</td><td>
<table>
<tr><th rowspan="2">सि नं</th><th rowspan="2">पेश्की लिएको मिति</th><th rowspan="2">गो. भौ. न.</th><th rowspan="2">पेश्कीको विवरण</th><th rowspan="2">पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th colspan="2">चालु आ. व.</th><th colspan="2"></th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>रकम</th><th>फछ्र्यौटको अन्तिम म्याद</th><th>फछ्र्यौटको अन्तिम म्याद</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>२०७९/०४/०१</td><td>१०</td><td>४ नं. वडा विद्युत पोल खरिद तथा व्यवस्थापन</td><td>खरिदार सुमन कार्की</td><td>०.००</td><td></td><td>गत विगत</td><td>१०००००.००</td><td>१०००००.००</td></tr>
<tr><td>२</td><td>२०७९/०८/२०</td><td>११२</td><td>कार्यक्रम खर्च</td><td>वडाध्यक्ष वडा न १ घनराज सुनुवार</td><td>१५००००.००</td><td>२०७९/०९/२६</td><td></td><td>१५००००.००</td><td>१५००००.००</td></tr>
<tr><td>३</td><td>२०८०/०३/२४</td><td>४१८</td><td>खेल ग्राम निर्माण निरन्तरता</td><td>राम सागर । नेपाल फुलवारी जे.भी.</td><td>४०८५०००.००</td><td>२०८०/०४/२८</td><td>बहुवर्षिय सम्झौता</td><td>०.००</td><td>४०८५०००.००</td></tr>
<tr><td>४</td><td>१२/०५/२०७६</td><td>१०</td><td>छरछरे ( खिप्ली चुहान ) खानेपानी ट्याङ्कि निर्माण</td><td>खिप्ली खानेपानी आयोजना उपभोक्ता समिति</td><td>०.००</td><td></td><td>गत विगत</td><td>३५०००.००</td><td>३५०००.००</td></tr>
<tr><td>५</td><td>२०७९/०६/०७</td><td>२२</td><td>मन्देपु खोला झोलुङ्गे पुल निर्माण कार्यक्रम निरन्तरता</td><td>मन्देपु खोला झोलुङ्गे पुल उ.स.</td><td>१५०००००.००</td><td>२०७९/०७/११</td><td></td><td>१५०००००.००</td><td>१५०००००.००</td></tr>
<tr><td>६</td><td>०२/१४/२०८०</td><td>१</td><td>वडा नं ५ स्वास्थ्य चौकी भवन निर्माण</td><td>रमन नेपाल फुलबारी जेभी</td><td>१४४०००००.००</td><td></td><td>बहुवर्षिय सम्झौता</td><td></td><td>१४४०००००.००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२०१३५०००.००</td><td>०.००</td><td>०.००</td><td>१७८५०००.००</td><td>२०२७००००.००</td></tr>
</table>
</td><td>१७८५०००.००</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु , थुलुङ दुधकोशी गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खरि धन राई | २०७९-९-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कालि बहादुर रावत | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,३८१,५६०.४८ | ७३३,००० | १९,६१३,४८०.६१ | ० | ० | २,८४५,७६७ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | २६,५७३,८०८.०९ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | १७,३३६,२५६.६१ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | १,७८५,००० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ११,०२२,५५१.४८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५२०४५३२८.९२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३९७५८८४९ | चालु खर्च | ४१६८०२७६९.६४ |
| प्रदेश सरकारबाट अनुदान | २०७४९५०० | पूँजीगत खर्च | १६५८२३२८६.३३ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ७१२२२१३४.६ | **वित्तीय/अन्य व्यवस्था** | १३५६७०४२४.३१ |
| **आन्तरिक आय** | ७००३२५४.५८ | | |
| **अन्य आय** | १३५७७०६२१.४८ | | |
| **कुल आय** | ६७४५०४३५९.६६ | **कुल खर्च** | ७१८२९६४८०.२८ |
| **बाँकी मौज्दात** | | ८२५३२०८.३ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण- अनुसूची -३**

| **एकिकृत आर्थिक विवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **आ.ब.२०७९।८०** | | | | | | | |
| **आय तर्फ** | | | | **व्यय तथा मौज्दात तर्फ** | | | |
| **सि.नं.** | **विवरण** | | **रकम** | **सि.नं.** | **विवरण** | | **रकम** |
| १ | गत वर्षको जिम्मेवारी | | ५२०४५३२८.९२ | १ | चालु खर्च | | ४१६८०२७६९.६ |
| | क) सञ्चित कोष | ४७४६४३४८.०२ | | | आन्तरिक | ३४१६५६२२.१४ | |
| | ख) धरौटी | ४५८०९८०.९ | | | राजश्व बाँडफाँड | ६७८७३८३२.१५ | |
| | ग) विविध कोष | | | | विशेष अनुदान | ५००००००० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | | | | प्रदेश समानिकरण अनुदान | १९८३९४७ | |
| | ङ) फिर्ता गर्न बाँकी अनुदान | | | | समानिकरण अनुदान | ४२१३६०९१ | |
| | | | | | संघीय सशर्त अनुदान | २६२३९७७५२.४ | |
| २ | राजश्व (आन्तरिक आय) राजश्व बाँडफाँड | | ७८२२५३८९.१८ | | प्रदेश सशर्त अनुदान | ३२४५५२५ | |
| | क) कर राजश्व | ७००३२५४.५८ | | २ | पुँजीगत खर्च | | १६५८२३२८६.३ |
| | ख) राजश्व बाँडफाँड | ६८६७७२१४.०७ | | | आन्तरिक | २५०९१५४५.८८ | |
| | ग) प्रदेश सवारी कर | २५४४९२०.५३ | | | राजश्व बाँडफाँड | २९६८११३ | |
| | | | | | प्रदेश समानिकरण अनुदान | ४७०६७३१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | वित्तीय हस्तान्तरण (संघीय सरकार) | | ४३९७५८८४९ | | समपुरक अनुदान प्रदेश | १००००००० | |
| | क) समानिकरण अनुदान | १३१४४२५०० | | | समानिकरण अनुदान | ८४१८१२८२.४५ | |
| | ख) सशर्त अनुदान | २९२३१६३४९ | | | संघीय सशर्त अनुदान | २७२७५६१४ | |
| | ग) विशेष अनुदान | ५०००००० | | | प्रदेश सशर्त अनुदान | ६००००० | |
| | घ) समपुरक अनुदान | ११०००००० | | | समपुरक अनुदान संघ | ११०००००० | |
| | | | | ३ | वित्तीय व्यवस्था | | ० |
| | | | | | ऋण भुक्तानी | | |
| ४ | वित्तीय हस्तान्तरण (प्रदेश सरकार) | | २०७४९५०० | | व्याज भुक्तानी | | |
| | क) समानिकरण अनुदान | ६८३९००० | | | अन्य भुक्तानी | | |
| | ख) सशर्त अनुदान | ३९१०५०० | | | | | |
| | ग) विशेष अनुदान | ० | | ४ | लगानी | | ० |
| | घ) समपुरक अनुदान | १०००००००० | | | ऋण लगानी | | |
| | | | | ५ | विभिन्न कोषको खर्च | | ४६९६४७५.६६ |
| ५ | वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह) | | ० | | जिल्ला समन्वय समिति सोलुखुम्बु | ४६९६४७५.६६ | |
| ६ | अन्तर सरकारी अख्तियारी | | १२७९४२६१४ | | | | |
| | गरिबसँग विश्वेश्वर कार्यक्रम ३३६००१०२३ | ४६३००० | | | | | |
| | स्थानीय प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम | ५९००००० | | ६ | धरौटी फिर्ता/सदरस्याहा | | ३०३१३३४.६५ |
| | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम ३१४०१०१२३ | १०१५७९९६२ | | | फिर्ता | ३२३३७७ | |
| | एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | १९९९९६५२ | | | सर्शत अनुदान फिर्ता | २७०७९५७.६५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ७ | अन्तर सरकारी अख्तियारी | | १२७९४२६१४ |
| | | | | | अन्तर सरकारी अख्तियारी | १२७९४२६१४ | |
| ७ | विभिन्न कोष तर्फको आय | | ७८२८००७.४८ | ८ | मौज्दात | | ७८९२३८९.२२ |
| | धरौटी | ३०९३०२७.१ | | | क) सञ्चित कोष | ५४१७५८.२२ | |
| | जिल्ला समन्वय समिति सोलुखुम्बु | ४७३४९८०.३८ | | | ख) धरौटी | ७३५०६३१ | |
| | | | | | ग) विविध कोष | | |
| | | | | | १ कर्मचारी कल्याण कोष | | |
| | | | | | २ गरिवी निवारण कोष | | |
| | | | | | घ) प्रकोप व्यवस्थापन कोष | | ३६०८१९.०८ |
| | | | | | ङ) फिर्ता गर्न बाँकी अनुदान | | ० |
| | | | | | च) गरिव सँग विशेश्वर कार्यक्रम फिर्ता वाकी | | ० |
| **जम्मा** | | | ७२६५४९६८८.६ | **जम्मा** | | | ७२६५४९६८८.६ |

**बेरूजु दफा ८९ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| भौ.नं./मिति | उपभोक्ता समितीको नाम | कामको विवरण | परिमाण (घ.मि.) | बढि दर | बढि भुक्तानी (जनश्रमदान १०% कट्टा गरी |
|---|---|---|---|---|---|
| ५९/२०७९/१०/४ | सौरे परिवार टोल विकास संस्था | सौर्य माविर सडक ट्र्याक वडा नं. ९ all type of soil cutting | ३८८२.२५ | १४ | ५४३५२ |
| ६०/२०७९/१०/४ | राम्चे आँगे टोल विकास संस्था | बर्खुघाट राम्चे हुदै वडा कार्यालय विर्जु डाँडा सम्म स्तरउन्नती वडा नं. ४ | ३७२७.५० | १४ | ५२१८५ |
| ५७/२०७९/९/२४ | दुधकोशी ह्युमपाइप खरिद तथा जडान निर्माण उ.स. | ह्युमपाईप खरिद तथा जडान कार्य | २४२.४० | १४ | ३३९४ |
| ८३/२०७९/१०/२६ | लिखेप फलाटे टोल विकास संस्था | मुलखर्क लिखेप सडक ट्र्याक ओपन | ९९६२.४३ | १४ | १३९४७४ |
| ८६/२०७९/१०/२७ | सेर्सादु गैरी बुडिडाँडा टोल विकास संस्था | बुडिडाँडा गैरी जोड्ने सडक ट्र्याक ओपन | ८५९.५२ | १४ | १२०३३ |
| | | Roadway Excavation in hard rock | १५१.६८ | १९६.३९ | २९७८८ |
| ८७/२०७९/१०/२७ | पैराधाम टोल विकास संस्था | वडा नं.३ पंचन भित्रका बाटो तथा सडक सरसफाई | ३९३४.५४ | १४ | ५५०८४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९३/२०७९/११/०२ | मवरा दोप्ले टोल विकास संस्था | वडा स्तरीय सडक सरसफाई वडा नं.९ | ४३४३.९९ | १४ | ६०८१६ |
| १०३।२०७९।११।१४ | सेर्सादु गैरी बुडिडाँडा टोल विकास संस्था | बुडिडाँडा गैरी जोड्ने सडक ट्र्याक ओपन | ६७७.६० | १४ | ९४८६ |
| | | Roadway Excavation in hard rock | ९२.४० | १९६.३९ | १८१४६ |
| ११०।२०७९।११।१७ | अम्रास टोल विकास संस्था | सेतेआहाल अमरास चारघरे सडक खण्ड स्तरउन्नती | ४०४३.३४ | १४ | ५६६०७ |
| ११९।२०७९।११।२२ | दिप्ली क्लेम्पी बर्मा दिङ्गेल टोल विकास संस्था | क्लेम्पी दिप्ली जोड्ने सडक वडा नं.८ | ३५२५.७८ | १२ | ४५८३५ |
| | | Roadway Excavation in hard rock | १८५.५७ | १९६.३९ | ३६४४४ |
| १३०।२०७९।११।२९ | दुधकोशी फुर्के मासेप टोल विकास संस्था | वडा नं.८ भित्रको सडक सरसफाई गर्ने काम | १५१७.२६ | १३.१२ | १९९०६ |
| २०७९।१२।१३ | फ्युल्यूकु चारघरे टोल विकास संस्था टवल नं.८ | चारघरे दुधकोशी सामुदायिक अस्पताल सम्म आउन सडक ट्र्याक ओपन वडा नं. ८ | २६४५ | १३.१२ | ३४७०२ |
| १६५।२०७९।१२।१४ | दीप्ली क्लेम्पी बर्मा दिङ्गेल टोल विकास संस्था | कालिका आ.वि. खेलमैदान | १३१९.२५ | १३.१२ | १७३०९ |
| १७७।२०७९।१२।१५ | राम्बे आँगे टोल विकास संस्था | बर्खुघट राम्बे हुदै वडा कार्यालय विर्जु डाँडा सम्म सडक स्तरउन्नती वडा नं. ४ | ६०६७.५० | १३.१२ | ७९६०६ |
| १८१।२०७९।१२।१५ | मवरा दोप्ले टवल विकास संस्था | दोप्ले सडक निर्माण वडा नं.९ All Type of Soil | १५०२.५४ | १४ | २१०३६ |
| | | Ordinary Rock | ४०४.२७ | २५.८९ | १०४६७ |
| | | Hard rock | २६८.१४ | १९६.३९ | ५२६६० |
| १८८।२०७९।१२।२४ | धनेश्वर भैसे कार्तिके टोल विकास संस्था | साविक नेले ४ देउराली भैसे कार्तिके सडक ट्र्याक ओपन | ३००६.७५ | १३.१२ | ३९४४९ |
| १९५।२०७९।१२।२७ | ज्यामिरे टोल विकास संस्था | ज्यामिरे वादे दुधकोशी सडक स्तरउन्नती वडा नं.४ | ६१११.५२ | १३.१२ | ८०१८३ |
| २०९।२०७९।१२।३० | सेर्सादु गैरी बुडिडाँडा टोल विकास संस्था | भापा नाङगी खोस्का तामाङ टोल जोड्ने सडक ट्र्याक ओपन All type of soil | ५१०९.४० | १३.१२ | ६७०३५ |
| | | Medium type of rock | २६८.९२ | ३९.३६ | १०५८५ |
| २१९०।२०७९।१२।३० | नेले बजार टोल विकास संस्था | साविक नेले ५ तुम्से आयुर्वेद हुँदै जम्ले खर्क घुर्मिसे सडक ट्र्याक ओपन All type of soil | १५८८ | १४ | २२२३२ |
| २२०।२०८०।१।१२ | जोगारा बहुजातीय टोल विकास संस्था | साविक नेले १ र२ टार डाँडा जिरो पोइन्टहुदै माझखर्क कार्तिके ढिकुरे सडक ट्र्याक ओपन | ३८८८.७५ | १३.१२ | ५१०२० |
| २२६।२०८०।१।१४ | दाउ धाम टोल विकास संस्था | लातुप्ले, लुम्लाप बोडेखोला खिलु सडक ट्र्याक ओपन | ५१२७.७५ | १३.१२ | ६७२७६ |
| २५६।२०८०।१।१७ | योडकिबुङ टोल विकास संस्था | सरस्वती आ.वि.छतिवन सडक ट्र्याक ओपन | १३११.५ | १३.१२ | १७२०७ |
| २८१।२०८०।२।८ | सेसेल्भु टोल विकास संस्था | सेसेल्भु मोटर र सेस्लमु च्युर्पु सडक ट्र्याक ओपन all type of soil | ५७५८.८३ | १३.१२ | ७५५५६ |
| | | Hard Rock | ३३५.१७ | १९६.३९ | ६५८२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६५।२०८०।२।४ | चिमल टोल विकास संस्था | चन्दने लिसिफार हुदै वडा कार्यालय जोड्ने सडक ट्र्याक ओपन all type of soil | ९४९५.४६ | १३.१२ | १२४५८० |
| | | Medium rock | ४०८.४१ | ३९.३६ | १६०७५ |
| | | Hard rock | ३०६.३१ | १९६.३९ | ६०१५६ |
| २८६।२०८०।२।८ | देविशीटार टोल विकास संस्था | देविशीटार भल्लाम भन्दाखर्क हुदै घोक्तालुङ सडक ट्र्याक ओपन all type of soil | ८७००.०१ | १३.१२ | ११४१४४ |
| | | Hard rock | १३२.४९ | १९६.३९ | २६०२० |
| ३०८।२०८०।२।२३ | ठुलढुङ्गा टोल विकास संस्था | ठुलढुङ्गा सडक ट्र्याक स्तरउन्नती वडा नं.२ल all type of soil | ३९०७.४१ | १२.७९ | ४९९७६ |
| | | Ordinary rock | २५९.५७ | ३८.३७ | ९९६० |
| ३२२।२०८०।२।२६ | पैराथाम टोल विकास संस्था | पैराथाम दलित बस्ति मोटर बाटो ट्र्याक ओपन all type of soil | १७८६.११ | १३.१२ | २३४३४ |
| | | Hard soil | २६६.८९ | ३९.३६ | १०५०५ |
| ३२५।२०८०।२।२६ | बोगल देविस्थान टोल विकास संस्था | गौरीबोगल बा६ ठुलढुङ्गा ट्र्याक ओपन | | | |
| | | Ordinary rock | १८०.९९ | २५.१२ | ४५४६ |
| | | Hard rock | १०८.६० | १९५.६२ | २१२४४ |
| ३३८।२०८०।२।३२ | जोखु डाँडागाउँ वडा टोल विकास संस्था | लुप्की दिप्की सहकारी भवन हुदै वडा कार्यालय चोक ट्र्याक ओपन | १८०८.५० | १३.१२ | २३७२८ |
| ३८४।२०८०।३।१९ | दुधकोशी फुर्के मासेप टोल विकास संस्था | चेराखु बाट फुर्के जोड्ने सडक निर्माण वडा नं.८ Medium rock | १९०.८६ | ३९.३६ | ७५१२ |
| | | All type of soil | ३६२६.२५ | १३.१२ | ४७५७६ |
| ३८७।२०८०।३।१९ | चित्रगुप्त घुम्रेपानी टोल बिकास संस्था | चित्रगुप्त दोबाटो सडक मर्मत | २७४७.२० | १३.१२ | ३६०४३ |
| ३९९।२०८०।३।२० | जोगार टोल विकास संस्था | साविक नेले १ र २ जोगार सडक स्तरउन्नती | २४०३.३० | १३.१२ | ३१५३१ |
| २१५।२०८०।१।६ | योङकीबु टोल विकास संस्था | ट्र्याक ओपन कार्य | ९२२६.२५ | १३.१२ | १२१०४८ |
| २६१।२०८०।१।१७ | देउराली सडक भेल नियन्त्रण तथा व्यवस्थापन मान्डाँडा टोल विकास संस्था | देउराली सडक भेल नियन्त्रण तथा व्यवस्थापन मान्डाँडा टोल | ५१३० | १३.१२ | ६७३०५ |
| **जम्मा** | | | | | **२१०१०८०** |